# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २२९ | काठमाडौं | आइतबार, ३० मंसिर २०८१ | Prabhab National Daily | Sunday, December 15, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## पत्रकार महासंघको पहिलो महिला अध्यक्ष बनिन् निर्मला

- अघिल्लो निर्वाचनमा विपुल पोखरेलसँग पराजित शर्मा यसपटक प्रेस युनियनकै सहयोगमा अध्यक्षमा निर्वाचित
- काठमाडौं, ललितपुर, बागलुङसहित बागमती र एसोसिएट प्रदेशमा गठबन्धनलाई हराउँदै प्रेस सेन्टरले लियो नेतृत्व
- राजनीतिक दललाई खबरदारी गरिरहने पत्रकारहरूको निर्वाचनमा यसपटक दलहरूले आफूनिकट पत्रकार संगठनका नेतालाई जिताउन खबरदारी गर्नुपर्‍यो





■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पत्रकार महासंघको अध्यक्षमा निर्मला शर्मा निर्वाचित भएकी छन् । गठबन्धनका विद्रोही उम्मेदवार रमेश विष्टलाई पछि पार्दै शर्मा महासंघको अध्यक्षमा निर्वाचित भएकी हुन् । यससँगै उनी महासंघको पहिलो महिला अध्यक्ष बनेकी छन् ।

यद्यपि, महासंघको निर्वाचन समितिले आधिकारिक मतपरिणाम भने सार्वजनिक गरिसकेको छैन । अन्तिम मतपरिणाम आज सार्वजनिक गर्ने समितिको भनाइ छ । अघिल्लोपटक नेपाल प्रेस युनियनका विपुल पोखरेलसँग पराजित शर्माले यसपटक युनियनसँगकै गठबन्धनमा ऐतिहासिक जित कायम गर्न सफल भएकी हुन् ।

२०७७ चैतमा भएको निर्वाचनमा नेपाली कांग्रेस निकट नेपाल प्रेस युनियन, नेकपा माओवादी केन्द्र निकट प्रेस सेन्टर र तत्कालीन समयमा नेकपा एमालेको माधव नेपाल समूहनिकट प्रेस चौतारीसहित ११ संगठनको गठबन्धनको तर्फबाट अध्यक्षको उम्मेदवार बनेका पोखरेलले छ हजार ९४२ मत पाएका थिए । त्यतिबेला नेकपा एमाले निकट प्रेस चौतारीकी उम्मेदवार शर्माले तीन हजार ९१५ मत पाएकी थिइन् ।

यसपटक सत्ता गठबन्धनअनुरूप देशभर प्रेस युनियन र प्रेस चौतारीले गठबन्धन गरेको थियो । अर्कोतर्फ माओवादीनिकट प्रेस सेन्टर युनियन-चौतारीको गठबन्धनका विद्रोही उम्मेदवार विष्टसँग प्यानल बनाएर चुनावी मैदानमा उत्रिएको थियो ।

क्रमशः पृष्ठ २ मा

### दल नै निर्वाचनमा

राजनीतिक दललाई खबरदारी गरिरहने पत्रकारहरूको निर्वाचनमा यसपटक दलहरूले आफूनिकट पत्रकार संगठनका नेतालाई जिताउन खबरदारी गर्नुपर्‍यो । जिल्लाजिल्लामा नेपाली कांग्रेस र नेकपा एमालेका जिल्ला नेतृत्वले पत्रकारलाई ह्विप शैलीमा यस्तो खाले खबरदारीपत्र जारी गरेको थियो ।

विद्रोहको डरले एमाले र कांग्रेसले पत्रकार महासंघको निर्वाचनलाई प्रतिष्ठाको लडाइँका रूपमा हेरेका थिए । यस्तो अवस्थामा देशभरबाट अध्यक्षका विद्रोही उम्मेदवार विष्टलाई 'क्रस भोट' आएको देखिन्छ । विष्ट प्यानलका अधिकांश उम्मेदवार शुद्धीकरण अभियन्ता थिए ।

काठमाडौं, एसोसिएट्सलगायत क्षेत्रबाट विष्टलाई क्रस भोट आएसँगै गठबन्धन त्रसित बनेको थियो । जसकारण यसले सरकारसम्मै असर पर्ने हो कि भनी आशंका गरिएको थियो । पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष रहेका विष्ट युनियनबाटै अध्यक्षका आकांक्षी थिए । टिकट नपाएपछि उनले विद्रोह गरेका हुन् । उनलाई युनियनले चार वर्षका लागि निष्कासन गरेको छ । यसैगरी युनियनले विकास कार्की, श्रीजन झा, माधव दुलाल, अमृत बाँस्तोलालगायतलाई पनि कारबाही गरेको छ ।

## एकीकृत समाजवादीमा फुट टर्‍यो तर उत्साह मर्‍यो



पार्टीमा विभिन्न कारणले केही नेता असन्तुष्ट हुनुहुन्थ्यो । उहाँहरूलाई सम्बोधन गर्दै स्थायी कमिटीलाई ४१ सदस्यीय बनाएका छौं । अब उहाँहरूलाई जिम्मेवारी तोकिन्छ ।

■ जगन्नाथ खतिवडा
उपाध्यक्ष, एकीकृत समाजवादी




- असन्तुष्ट १७ जना नेतालाई स्थायी कमिटी सदस्य बनाएपछि पार्टी फुटबाट जोगियो
- अझै हुन सकेन नेताहरूको कार्यविभाजन
- जिल्ला र प्रदेश इञ्चार्ज, विभाग प्रमुख, आयोग प्रमुखलगायतका पद लिन नेताहरूबीच हानाथाप

■ जेबी योञ्जन

**काठमाडौं–** माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी फुटबाट जोगिएको छ । असन्तुष्ट १७ जना नेतालाई स्थायी कमिटी सदस्य बनाएपछि पार्टी फुटबाट जोगिएको हो । यसअघि स्थायी कमिटी सदस्य २४ जना थिए । असन्तुष्ट नेताहरूलाई थपिएपछि ४१ भएको पार्टी उपाध्यक्ष जगन्नाथ खतिवडाले बताए ।

'पार्टीमा विभिन्न कारणले केही नेता असन्तुष्ट हुनुहुन्थ्यो । उहाँहरूलाई सम्बोधन गर्दै स्थायी कमिटीलाई ४१ सदस्यीय बनाएका छौं । आजै उहाँहरूलाई जिम्मेवारी तोकिन्छ,' उनले शनिबार प्रभावसँग भने । गत असारको तेस्रो साता एकीकृत समाजवादीको पहिलो महाधिवेशन भएको थियो । महाधिवेशन हलले दिएको 'म्यान्डेट' विपरीत केन्द्रीय समितिको आकार ठूलो बनाइएको थियो । यसमा पार्टी अध्यक्ष नेपाल, सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसाल जिम्मेवार रहेको असन्तुष्ट नेतृ रामकुमारी झाँक्रीलगायतले आरोप लगाएका थिए ।

यहीबीच पार्टीको पोलिटब्युरो र पदाधिकारीमा एकपछि अर्को चुनाव भयो । चुनावी प्रतिस्पर्धामा झाँक्रीसहितका नेताहरू पराजित भए । यसपछि पार्टीमा असन्तुष्टि चुलियो । त्यहीबेला एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न झाँक्री र सांसद कृष्णकुमार श्रेष्ठ (किसान) बारम्बार गए । स्रोतका अनुसार उनीहरूले राजनीतिक दल विभाजनसम्बन्धी अध्यादेश ल्याउन ओलीलाई दबाब दिएका थिए । अध्यादेश ल्याए पार्टी विभाजन गर्नेसम्मको तयारीमा उनीहरू थिए । तर, स्रोतको दाबीमा प्रमुख सत्ताघटक कांग्रेसका सभापति शेरबहादुर देउवा अध्यादेश ल्याउन तयार भएनन् । यसपछि अध्यादेश ल्याउने ओली चाहना अधुरै रह्यो ।

एकीकृत समाजवादीमा असन्तुष्ट नेताहरू पार्टी फुटाएर अलग हुन सके न पार्टीमा क्रियाशील हुन सके । एक जना नेताका अनुसार पार्टी संरचना नै 'प्यारालाइज्ड' भयो । तर, स्थायी समितिमा असन्तुष्ट नेताहरूको चयनले पार्टीको सम्भावित फुट तत्कालका लागि टरेको र पार्टी संगठन चलायमान हुने नेताहरूको विश्वास छ ।

स्थायी समितिमा रामकुमारी झाँक्री, डा. विजय पौडेल, जीवनराम श्रेष्ठ, केशवराल श्रेष्ठ, हरिप्रसाद पराजुली, नागेन्द्र चौधरी, रामचन्द्र झा, विरोध खतिवडा, कल्याणी खड्का, डा. वंशीधर मिश्र, बलराम बाँस्कोटा, शत्रूधन महतो, श्रीप्रसाद साह, विश्वनाथ प्याकुरेल, साध्यबहादुर भण्डारी, रामचन्द्र यादव र लक्ष्मण पौडेललाई मनोनीत गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

### एक व्यक्ति एक पद

आन्तरिक विवाद हल गर्न नेकपा एकीकृत समाजवादीले गठन गरेको सात सदस्यीय कार्यदलले पार्टी अध्यक्ष बाहेककालाई 'एक व्यक्ति, एक पद'को अवधारणा अघि सारेको छ । त्यसो गरिए विवाद समाधान हुने राय कार्यदलले दिएको उपाध्यक्ष घनेन्द्र बस्नेतले बताए ।

'पार्टीमा एक ठाउँमा कार्यकारी भूमिका भएकालाई अर्को ठाउँमा कार्यकारी भूमिका नदिने गरी प्रस्ताव तयार भएको छ । यो विवाद अन्त्यको माध्यम हुन सक्छ,' उनले भने ।

यद्यपि, पार्टीमा असन्तुष्टि भने पूर्णतः सम्बोधन भएको छैन । अध्यक्ष माधवकुमार नेपालको नेतृत्व शैलीमा कुनै परिवर्तन नआएको भन्दै पार्टीको निर्वाचनमा पराजित मात्र होइन, विजयी भएकालेले पनि असन्तुष्टि पोख्दै आएका छन् । यसको सोझो प्रभाव विद्यार्थी र युवा संघमा देखिएका छन् । दुवै संगठन निष्क्रियजस्तै बनेका छन् । युवा संघमा त समानान्तर कमिटी नै बनेको थियो ।

## कृषि मन्त्रालयमा दुई सचिवको दरबन्दी 'औचित्यहीन'



■ डा. राजेन्द्र मिश्र
सचिव, कृषि विकास



■ डा. गोविन्दप्रसाद शर्मा
सचिव, पशुपन्छी विकास




- कृषि मन्त्रालयमा दुई सचिव राख्नुको औचित्य नभएको सरोकारवालाको भनाइ
- एक सचिवले नै मन्त्रालयको जिम्मेवारी सम्हाल्न सकिने अवस्थामा दुई जना राख्दा राज्यलाई भार
- दुई सचिव भएको मन्त्रालयको नतिजा कमजोर भएको प्रधानमन्त्री कार्यालयको मूल्यांकन
- गोष्ठी र सेमिनारमै बित्छ मन्त्री, सचिवलगायत उच्च अधिकारीको कार्यालय समय

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत बुधबार सिंहदरबारस्थित कृषि तथा पशुपन्छी विकास मन्त्रालय पुग्दा मन्त्रीसहित अधिकांश उच्च अधिकारीहरूका कुर्सी खाली थिए । कृषिमन्त्री रामनाथ अधिकारी, कृषि सेवातर्फका सचिव डा. गोविन्दप्रसाद शर्मा, पशु सेवातर्फका सचिव डा. राजेन्द्र मिश्र, अन्य महाशाखाका सहसचिवहरू कोही पनि भेटिएनन् ।

मन्त्री राजनीतिक कार्यक्रममा व्यस्त थिए । सचिव तथा सहसचिव कोही नभेटिएपछि प्रवक्ता डा. हरिबहादुर केसीको कार्यकक्षमा पुग्दा उनी पनि मन्त्रालयमा थिएनन् । प्रवक्ता केसीलाई सम्पर्क गर्दा आफू एक गोष्ठीमा सहभागिताका लागि आएको र सचिवद्वय पनि कार्यक्रममै गएको जवाफ दिए । मन्त्रालय रित्तो हुनेगरी सचिवदेखि उच्च अधिकारीहरूसमेत गोष्ठी, सेमिनारमा जाने गरेकै कारण मन्त्रालयमा कर्मचारी भेटिनै मुस्किल पर्छ । जुन मन्त्रालयमा कर्मचारी भेटिँदैन, त्यही मन्त्रालयमा सरकारले दुई-दुई जना सचिवको दरबन्दी राखेको छ ।

हुन त केही समय प्रधानमन्त्री कार्यालयले सार्वजनिक गरेको मन्त्रालयको प्रगतिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पनि प्रगति गर्न नसकेको मन्त्रालयमा थियो । तर जुन मन्त्रालयको प्रगति नै देखिँदैन त्यही मन्त्रालयका दुई-दुई जना सचिव राखेर सरकारले आफ्नै खिल्ली उडाइरहेको छ ।

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं
- गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं



**महानगर दिवस** | ३०औं महानगर दिवसको अवसरमा शनिवार टुँडिखेलमा काठमाडौं महानगरपालिकाद्वारा आयोजित कार्यक्रममा नेवार समुदायले झाँकी प्रदर्शन गर्दै ।
*तस्बिर: किरणराज विष्ट/रासस*

# नेपाल नर्सिङ संघको अध्यक्षमा चन्द्रकला विजयी



**काठमाडौं (प्रस)**– नेपाल नर्सिङ संघको अध्यक्षमा चन्द्रकला शर्मा विजयी भएकी छन् । शर्मा नेतृत्वको संयुक्त प्रगतिशील समूहको प्यानल नै विजयी भएको हो ।

शुक्रबारदेखि सुरु संघको निर्वाचनमा अध्यक्षमा शर्मासहित तीनजना प्रतिस्पर्धी रहेका थिए । निर्वाचित शर्माले दुई हजार १५० मत प्राप्त गर्दा प्रतिस्पर्धी गंगाकुमारी थापाले एक हजार ३७० र वसन्ती थापाले २८२ मत प्राप्त गरिन् । वरिष्ठ उपाध्यक्षमा रमेश सुब्बा दुई हजार ६० मत ल्याएर विजयी हुँदा प्रतिस्पर्धी कल्पना श्रेष्ठ जोशीले एक हजार ५९७ मत प्राप्त गरिन् ।

यसैगरी, उपाध्यक्षमा बबिता घिमिरे दुई हजार ११ मत ल्याएर विजयी हुँदा प्रतिस्पर्धी मनिषा कोइरालाले एक हजार ५७० मत प्राप्त गरिन् । महासचिवमा डा. देवकाकुमारी आचार्य एक हजार ७३३ मतसहित विजयी भइन् । उनका प्रतिस्पर्धी मीनाकुमारी कार्कीले एक हजार ३४७ र जानकी धामीले ६२२ मत प्राप्त गरे ।

सचिवमा दुई हजार ९० मत प्राप्त गरी बेली पौडेल निर्वाचित हुँदा प्रतिस्पर्धी जया मिश्राले एक हजार ५७३ मत प्राप्त गरिन् । कोषाध्यक्षमा तुलसादेवी अधिकारी दुई हजार १८८ मत ल्याएर विजयी भइन् भने प्रतिस्पर्धी रमादेवी पहारी (ज्ञवाली)ले एक हजार ४८२ मत ल्याइन् ।

यसैगरी, खुला सदस्यमा मेनुका पोखरेल विजयी भइन् । आदिवासी/जनजातितर्फ कला बस्याल गुरुङ र हरिप्रसाद कोजु, दलिततर्फ कोपिला विश्वकर्मा, मधेसी/मुस्लिमतर्फ पासपति जैसवाल र सवेनाज बेगम, अनमीतर्फ जानुका मोक्तान र शान्तिकुमारी विश्वकर्मा विजयी भएका छन् । नेपाल नर्सिङ परिषद् सदस्यतर्फ राजदेवी अधिकारी घिमिरे, सुमिता पाठक र राधादेवी आचार्य विजयी भएका छन् ।

## धादिङमा बस दुर्घटना, आठ जना घाइते

**धादिङ (प्रस)**– पृथ्वी राजमार्गअन्तर्गत धादिङको गल्छीमा बस दुर्घटना हुँदा आठजना घाइते भएका छन् । बस आफैं अनियन्त्रित भई सडक छेउमा रहेको डिभाइडरमा ठोक्किएको हो ।

बुटवलबाट काठमाडौं आउँदै गरेको लु२ख ६६७६ नम्बरको बस धादिङको गल्छी गाउँपालिका-६ सुत्केरी ढुंगामा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक सुवास हमालले जानकारी दिए ।

उनका अनुसार दुर्घटनामा परी कपिलवस्तुको शिवराज नगरपालिका-३ का ४० वर्षीय गोपाल सुनार, ३९ वर्षीया अस्मिता आले, बारगंगा नगरपालिका-३ का ५४ वर्षीय जनक गौतम, सुर्खेतको गुर्भाकोट नगरपालिका-१ का ४२ वर्षीय चित्रबहादुर पाण्डे, काभ्रेको बनेपा नगरपालिका-७ का ३१ वर्षीय सुकराम कार्की, ५८ वर्षीय विजय कार्की, स्यांजाको आधिखोला गाउँपालिका-१ का ५६ वर्षीय नन्दलाल अधिकारी र रामेछापको सुनापति गाउँपालिका-१ का ४२ वर्षीय राजकुमार दास घाइते भएका छन् । दुर्घटनामा परी घाइते भएका आठैजनालाई बैरेनी अस्पतालमा प्राथमिक उपचारपछि थप उपचारका लागि काठमाडौंको बिएन्डबी अस्पताल रेफर गरिएको प्रहरीले जनाएको छ ।

पृष्ठ १ बाट क्रमशः

## एकीकृत समाजवादीमा...

दुई वर्षअघि भएको आमचुनावमा राष्ट्रिय दल बन्न नसकेको एकीकृत समाजवादी बिस्तारै खिइँदै जाँदा विवाद झाँगिएको थियो । सानो पार्टीको ठूलो विवादले पार्टी विभाजन हुने स्थितिमा पुगेको थियो । नेताहरू तीनतिर फर्केका थिए । कोही एमाले त कोही माओवादीसँग पार्टी एकता गर्नुपर्ने पक्षमा पनि उभिएका थिए । कतै त पार्टीको सिंगो जिल्ला समिति नै एमालेमा विलय भएको थियो । पार्टीको सबै संरचना चलायमान नभएको नेताहरू स्वीकार्छन् ।

प्रभावसँगको कुराकानीका क्रममा कर्णाली संसद्मा 'फ्लोर क्रस' गरेर एकीकृत समाजवादी निर्माणको आधार खडा गरेका नेता अम्बरबहादुर थापाले यस्तो पार्टी होला भन्ने लागेको भए त्यसरी विद्रोह नगर्ने थिएँ भनेका थिए । अन्ततः स्थायी समितिमा असन्तुष्ट नेताहरूलाई समेटिएपछि तत्काल विवाद सामसुम भएको हो ।

पार्टी उपाध्यक्ष घनेन्द्र बस्नेतले महाधिवेशनअघि स्थायी कमिटी सदस्य रहेका र महाधिवेशनमा पोलिटब्युरो सदस्य भएकाहरूलाई स्थायी कमिटीमा ल्याउनेगरी मापदण्ड बनेको बताए । उनले भने, 'कार्यदलले पेस गरेको प्रस्ताव पदाधिकारी बैठकले पास गरेपछि केन्द्रीय कमिटीले पास गर्छ अनि यो व्यवस्था लागू हुन्छ ।'

तर, एकीकृत समाजवादीमा अहिलेसम्म नेताहरूको कार्यविभाजन भएको छैन । पार्टीमा जिल्ला र प्रदेश इञ्चार्ज, विभाग प्रमुख, आयोग प्रमुखलगायतका विभागीय प्रमुख बन्न नेताहरूमा हानाथाप छ । संगठन विभागका लागि नेताहरू राजेन्द्र पाण्डे, बेदुराम भुसाल र घनश्याम भुसालले दाबी गरेका छन् । एउटै विभागमा उपाध्यक्ष, महासचिवले दाबी गर्दा कार्यविभाजनमा समस्या भएको एकीकृत समाजवादीका नेताहरू बताउँछन् ।

■■■

## पत्रकार महासंघको ...

यसैगरी वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिवमा चौतारी-युनियन प्यानल नै आउने देखिन्छ । कोषाध्यक्षमा भने प्रेस सेन्टरका रामकृष्ण अधिकारी जित नजिक छन् ।

### बागमती, एसोसिएट, काठमाडौं र ललितपुरमा गठबन्धन कमजोर

दुई बलिया संगठन प्यानल नै बनाएर अघि बढ्दा पनि बागमती प्रदेश, एसोसिएट प्रदेश र देशकै महत्त्वपूर्ण मानिने उपत्यकाका दुई जिल्लाको नेतृत्व प्रेस सेन्टरले कब्जा गरेको छ । काठमाडौंको अध्यक्षमा प्रेस सेन्टरकी शोभा अर्याल निर्वाचित भइन् । भागबण्डामा काठमाडौं चौतारीलाई परेको थियो । यसैगरी चौतारीकै भागमा परेको ललितपुरमा शाखामा प्रेस सेन्टरको प्यानल नै विजयी भएको छ । अध्यक्षमा रामहरि कार्कीले २४३ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी समाजवादी प्रेस संगठनका रमेशप्रसाद तिमिल्सिनाले ६३ मतमात्रै प्राप्त गरे । पराजित हुने देखिएपछि प्रेस चौतारीले यहाँ संगठनका तिमिल्सिनालाई उम्मेदवार बनाएको हो ।

यता बागमती प्रदेशको अध्यक्षमा युनियनका शिव देवकोटालाई पराजित गर्दै प्रेस सेन्टरका कृष्ण सारु मगर निर्वाचित भएका छन् । उपत्यका प्रदेश र एसोसियट प्रदेशको अध्यक्षमा पनि प्रेस सेन्टरका उम्मेदवार विजयी भएका छन् । उपत्यका प्रदेशमा टेनिस रोका र एसोसियट प्रदेशमा रोयल आचार्यले बाजी मारेका हुन् । प्रेस सेन्टरबाट वीरेन्द्र वली (प्रतिष्ठान प्रदेश), सूर्य सुवेदी (उपत्यका प्रदेश), अर्जुन पन्त (उपत्यका प्रदेश) र रीता बुढाथोकी (निर्विरोध) केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् ।

बागलुङ शाखामा प्रेस युनियन र प्रेस चौतारीका साझा उम्मेदवार तारानाथ आचार्यलाई पराजित गर्दै प्रेस सेन्टरका राम थापा निर्वाचित भएका छन् । निर्वाचित थापाले कूल खसेको मतको ४६ र आचार्यले २३ मात्र मत ल्याए । यो प्रेस युनियनका महासचिव दिलिप पौडेलको जिल्ला हो ।

यसैगरी खुबिना सुनारी मगर (रोल्पा), गोपाल रेग्मी (रुकुम पश्चिम), वसन्त बाँठा मगर (रुकुम पूर्व), निर्मल घिमिरे (बर्दिया), डिलाराम भुसाल (कपिलवस्तु), डिल्लीराज रावत (सल्यान), पूर्णप्रसाद चौलागाईं (जुम्ला), केशवप्रसाद पौडेल (रसुवा), महेश दास (महोत्तरी), अमर सुनार (दैलेख), ओमप्रकाश खनाल (पर्सा) र रामहरि गजुरेल (नुवाकोट) पनि प्रेस सेन्टरबाट नेतृत्वमा आएका छन् । बैतडीमा गठबन्धनका उम्मेदवारलाई पछि पार्दै स्वतन्त्र उम्मेदवारी दिएका नरी बडु महासंघ जिल्लाको नेतृत्वमा आएका छन् ।

■■■

## कृषि मन्त्रालयमा...

अर्थ मन्त्रालयमा राजस्वसचिव र अर्थसचिव गरी दुई सचिव भएजस्तै कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पनि पशु सेवा र कृषि सेवा गरी दुई सचिव रहेका छन् जसले मन्त्रालयमा 'रजगज' नै गरिरहेका छन् । संघीय संरचनाअघिसम्म करिब १२ हजार कर्मचारीलाई रेखदेख गर्नुपर्ने सोही मन्त्रालय एक जना सचिवको नेतृत्वमा चलेको थियो । अहिले ती १२ हजार कर्मचारी प्रदेश र स्थानीय तहमासमेत समायोजन भइसकेपछि मन्त्रालयले नीति निर्माणबाहेक विगतमा जस्तो कामको भार छैन । त्यसकारण यो मन्त्रालयमा दुई सचिव राख्नुको औचित्य नै नभएको सरोकारवालाहरू बताउँछन् । कृषि तथा वन वातावरण समूहको क्लस्टरबाट उक्त मन्त्रालयका दुई सचिव आवश्यक छ भनेर कसैले पनि बोल्न सक्दैनन् । किनकि कृषि मन्त्रालय दुई-दुई जना सचिव चाहिने मन्त्रालयमा पर्दैन ।


सरकारले नयाँ संविधानअनुसार २५ वटामात्र मन्त्रालय बनाउँदा कृषि र पशुपन्छी मन्त्रालयलाई गाभेर एउटै कृषि तथा पशुपन्छी मन्त्रालय बनाएको थियो । त्यसअघि पनि मन्त्रालय एउटै थियो । जब मन्त्रालय फुटाएर दुई बनाइयो सचिवको दरबन्दी थपेर दुई राखियो । विडम्बना पशुपन्छी र कृषि मन्त्रालय गाभेर एक बनाउँदा थपिएको सचिवको दरबन्दी भने काटिएन । बरु काम भए पनि नभए पनि दुवै सचिवलाई कृषि मन्त्रालयमा पशु सेवा र कृषि सेवा हेर्ने गरी राखियो ।

अहिले पशुपन्छी विकास मन्त्रालयमा रहेका दुवै सचिव कृषि सेवाकै हुन् । पशुपन्छीतर्फ डा. राजेन्द्र मिश्र छन् भने कृषि सेवातर्फ डा. गोविन्दप्रसाद शर्मा छन् । दुवै कृषि सेवाकै भएपछि फेरि किन चाहियो त दुई कृषिसचिव ? समग्र कृषि क्षेत्रको विकास गर्ने हो भने सरकारले कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा एकमात्र सचिव दरबन्दी राख्दा राज्यलाई आर्थिक भारसमेत कम हुने देखिन्छ ।

### कामविहीन सवारीचालक

कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा कार्यरत सवारी चालकहरू अहिले कामविहीन बनेका छन् । मन्त्रालयमा रहेका उपसचिवदेखि सहसचिवसम्मले प्रयोग गर्ने सवारीमा विगतमा सवारीचालक भए पनि अहिले इन्धन र सवारीचालकको पारिश्रमिक कर्मचारीकै खातामा जान थालेको छ । जसले गर्दा ती सहसचिव तथा उपसचिवहरू आफैंले सवारीसाधन चलाउन र चालकहरूलाई कार्यालयमा आउने र हाजिर गर्ने काममात्र दिइएको छ । २२ वर्षदेखि मन्त्रालयको सवारीचालकका रूपमा कार्यरत एक चालकले भने, 'अहिले त अफिस आउने हाजिर गर्ने अनि घर जाने हो । गाडी त सबै सरहरूले आफैं हाँक्नु हुन्छ ।'

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

आइतबार, ३० मंसिर, २०८१

| | |
|---|---|
| **मेष** | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| **वृष** | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| **मिथुन** | अरूको करकापमा काम गर्न बाध्य । |
| **कर्कट** | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| **सिंह** | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| **कन्या** | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| **तुला** | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| **वृश्चिक** | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| **धनु** | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |
| **मकर** | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| **कुम्भ** | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| **मीन** | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३० मंसिर, २०८१ (१५ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३५.२१ | १३५.८१ |
| युरो | १ को | १४३.०७ | १४३.७१ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.५७ | १७३.३३ |
| स्विस फ्रेन्क | १ को | १५४.०८ | १५४.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८६.८३ | ८७.२१ |
| क्यानाडियन डलर | १ को | ९६.३० | ९६.७३ |
| सिङ्गापुर डलर | १ को | १००.९२ | १०१.३७ |
| जापानी येन | १० को | ८.९८ | ९.०२ |
| चिनियाँ युआन | १ को | १८.६१ | १८.६९ |
| साउदी अरब रियाल | १ को | ३५.९९ | ३६.१५ |
| कतारी रियाल | १ को | ३७.०९ | ३७.२५ |
| थाई भाट | १ को | ३.९८ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.८१ | ३६.९८ |
| मलेसियन रिङ्गेट | १ को | ३०.५९ | ३०.७३ |
| दक्षिण कोरियन वन | १०० को | ९.५२ | ९.५६ |
| स्विडिस क्रोनर | १ को | १२.४३ | १२.४९ |
| डेनिस क्रोनर | १ को | १९.१८ | १९.२७ |
| हङकङ डलर | १ को | १७.३८ | १७.४६ |
| कुवेती दिनार | १ को | ४४०.०५ | ४४२.०० |
| बहराइन दिनार | १ को | ३५८.५५ | ३६०.१४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

काठमाडौं महानगर दिवस

# २३६ जना परम्परागत बाजा गुरूलाई सम्मान




■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले २३६ जना परम्परागत बाजा गुरूहरूलाई जनही ३० हजार रूपैयाँसहित सम्मान गरेको छ । ३०औं महानगर दिवस २०८१ का अवसरमा शनिबार राष्ट्रिय सभागृहमा आयोजित समारोहमा उपप्रमुख सुनिता डंगोल, प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं, सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगत तथा समितिका सदस्यहरूले गुरूहरूलाई सम्मान गरेका हुन् ।

सम्मानित गृरूहरूमा ज्यापू महागुथि नेपाः, यँ महानगर समितिबाट सिफारिस भएका परम्परागत ६३ टोलका ६३ जना मु-धिमे गुरू र ५४ जना दाफा खिं गुरू छन् । गुँलाबाजा व्यवस्थापन व संरक्षण संघबाट सिफारिस भएका २५ टोलका एक-एकजना गुरू, नेपाल खड्गी सेवा समितिबाट सिफारिस भएका ६९ टोलका एक-एकजना नायःखिं बाजा गुरू, नेपाल राष्ट्रिय खड्गी समाजबाट नौ टोलबाट सिफारिस भएका १५ जना गुरू छन् ।

यस्तै, केन्द्रीय मानन्धर संघबाट सिफारिस भएका तीन टोलका तीनजना र विभिन्न संघसंस्थाहरूबाट सिफारिस भएका सातजना बाजा गुरूलाई सम्मान गरिएको हो ।

कार्यक्रममा उपप्रमुख डंगोलले, परम्परागत वादनमा किशोरी र युवतीको संख्या बढ्दै गएको बताइन् । 'वादनसँगै सांस्कृतिक क्रियाकलापमा महिलाको उपस्थिति स्वीकार गरिएको छ । यसबाट जात्रापर्वहरू लैंगिकमैत्री बन्दै गएका छन्,' उनले थप्दै भनिन्, 'परम्परागत वाद्य गुरूहरूको यसमा ठूलो भूमिका छ । महिलाहरूलाई प्रोत्साहन गर्न गुरूहरूले नानीहरू, किशोरीहरू र महिलाहरूलाई प्रोत्साहन गर्नुपर्छ ।'

कार्यक्रममा सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतले बाजा गुरूहरूको सम्मानबाट अमूर्त सम्पदाको संरक्षणमा योगदान हुने अपेक्षा रहेको बताए । 'वादन संस्कार बचाउन नेवार समुदायका धेरै व्यक्तिले रोजगारीमा जान पाएका छैनन् । गएकाहरूले पनि पेसालाई नियमित गर्न सकेका छैनन् । यो अवस्थालाई बुझ्न सकिएन भने संस्कार बचाउन सकिँदैन भन्ने महसुस गरेर बाजा गुरूहरूको सम्मान कार्यक्रम थालिएको हो,' समितिका सदस्य एवं वडा नं १८ का अध्यक्ष न्हुच्छेकाजी महर्जनले भने ।

कार्यक्रममा विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिताका विजेताहरूलाई पुरस्कृत गरिएको थियो । विजेताहरूलाई क्रमशः छ हजार रूपैयाँ, पाँच हजार र चार हजार रूपैयाँसहित पुरस्कृत गरिएको थियो ।

### १० स्रस्टालाई जनही डेढ लाख पुरस्कार

यसैबीच महानगरपालिकाले ३०औं वार्षिकोत्सवको अवसरमा १० जना स्रस्टालाई जनही एक लाख ५० हजार रूपैयाँसहित सम्मान गरेको छ । कामपाले शनिबार यहाँ आयजना गरेको कार्यक्रममा उपराष्ट्रपति रामसहायप्रसाद यादव, महानगर प्रमुख बालेन्द्र साह, उपप्रमुख सुनिता डंगोललगायतको सहभागितामा चित्रकार किरण मानन्धरसहित १० जनालाई सम्मान गरिएको हो ।

लोकगायन क्षेत्रबाट कुमार बस्नेत, चित्रकला क्षेत्रबाट किरण मानन्धर, स्वास्थ्य क्षेत्रबाट डा. अरुण सायमी, राजनीति र समाज सेवातर्फबाट कामपाका पूर्वप्रमुख पिएल सिंह, कलाकारिताअन्तर्गत चलचित्र क्षेत्रबाट नरेन्द्र कंसाकार, साहित्य क्षेत्रबाट मल्ल के सुन्दरलाई सम्मान गरिएको हो ।

खेलतर्फ तेक्वान्दोकी संगिना वैद्य, भलिबलकी प्रतिभा माली र क्रिकेटका ज्ञानेन्द्र मल्ल सम्मानित भएको कामपाले जनाएको छ । सम्मानित व्यक्तिलाई एक लाख ५० हजार रूपैयाँसहित पुरस्कार प्रदान गरिएको हो ।

समारोहमा कामपाका ३२ वटै वडाले आ-आफ्नो सांस्कृतिक झाँकी, महानगर प्रहरी बलको कवाज, खेलका साथै कामपाले सहरी सेवा तथा सुविधा वितरण र सहरी व्यवस्थापनका लागि प्रयोग गरिने साधन र उपकरणको प्रदर्शन गरेको थियो । दमकल, एम्बुलेन्स, सडक सफा गर्ने ब्रुमर, फोहर संकलन गर्ने सवारीलगायत उपकरण प्रदर्शन गरिएको थियो ।

शनिबार बिहान १० बजेदेखि टुँडिखेल मैदानमा मौलिक खाना, पेयपदार्थ र 'एक वडा एक नमूना उत्पादन'अन्तर्गत उत्पादित वस्तु तथा सामग्रीको प्रदर्शनी सुरु गरिएको कामपाले जनाएको छ ।

शनिबार नै टुँडिखेलमा सांगीतिक कार्यक्रम आयोजना गरिएको छ । उक्त कार्यक्रममा बाबुकृष्ण परियार, इन्द्रकला राई, उर्गेन दोङ, सुगम पोखरेल एण्ड द बाजागाजा, केहर लिम्बू एण्ड जोय ब्याण्ड, महेस काफ्ले, अस्मिता अधिकारी, कुमा सागर, दीप श्रेष्ठ, ओमविक्रम विष्ट, जेम्स प्रधान, सुजिल कर्माचार्य, सञ्जय श्रेष्ठ, योगेश्वर अमात्य, रचना रिमाल, सुशान्त घिमिरे, सन्दिप विष्ट, चक्र बमलगायत कलाकारले प्रस्तुति दिएका छन् ।

# प्रधानसेनापति सिग्देलले निरीक्षण गरे भारतीय अधिकृत क्याडेटको कवाज

काठमाडौं (प्रस)– भारतको औपचारिक भ्रमणमा रहेका प्रधानसेनापति अशोकराज सिग्देल शनिबार देहरादुनस्थित इण्डियन मिलिटरी एकेडेमीमा तालिमरत अधिकृत क्याडेटको अन्तिम दलले कवाज निरीक्षण गरेका छन् । सो क्रममा उनले नवनियुक्त अधिकृतलाई दर्ज्यानी चिह्न प्रदान गर्नाका साथै उनीहरूसँग अन्तरक्रियासमेत गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

नेपाली सेनाले वि.सं. २०१० देखि सो एकेडेमीमा आफ्ना अधिकृत क्याडेटलाई तालिममा सहभागी गराउँदै आइरहेको छ । हालसम्म उक्त एकेडेमीबाट २०० भन्दा बढी नेपाली सेनाका अधिकृत क्याडेटहरू दीक्षित भइसकेका छन् । बाह्र देशका अधिकृत क्याडेटहरू तालिमरत उक्त एकेडेमीमा हाल नेपाली सेनाबाट छ जना अधिकृत क्याडेट तालिमरत रहेका सेनाले जनाएको छ ।



# राष्ट्रिय खोप तालिकामा समेटियो पाठेघर क्यान्सरविरूद्धको खोप

**काठमाडौं (प्रस)–** राष्ट्रिय खोप तालिकामा पाठेघर क्यान्सरविरुद्धको खोप 'एचपिभी खोप' समावेश गरिएको छ । एचपिभी खोपले पाठेघरको क्यान्सर रोगबाट बचाउन सहयोग गर्छ । पाठेघरको मुखको क्यान्सरको प्रमुख कारण एचपिभी अर्थात् 'ह्युमन प्यापिलोमा भाइरस'लाई मानिन्छ ।

सरकारले जापनिज इन्सेफ्लाइटिस, दादुरा र रुबेला, टाइफाइड, निमोनिया, पोलियो, भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकर, हेपटाइटिस्-बी, हेमोफिलस इन्फ्लुएञ्जा बी, क्षयरोग गरी ११ वटा रोगविरुद्धको खोप निःशुल्क दिँदै आएकामा पाठेघरको मुखको क्यान्सरको खोप पनि थपिएको हो ।

एघार वटा रोगविरुद्धका खोपहरू शिशु जन्मेको १५ महिनाभित्र पूरा गरिसक्नुपर्छ भने थपिएको एचपिभी खोप कक्षा ६ मा अध्ययनरत छात्रा र विद्यालय नजाने १० वर्षकी किशोरीलाई लगाइने छ । राष्ट्रिय खोप तालिकामा एचपिभी खोप समावेश गर्न राष्ट्रिय खोप सल्लाहकार समितिले सिफारिस गरिसकेको छ ।

परिवार कल्याण महाशाखाअन्तर्गतको बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमले यस वर्षदेखि एचपिभी खोप अभियान चल्ने भएकाले खोप तालिकामा समावेश गरिएको बताए । नेपालबाट पाठेघरको क्यान्सरलाई निवारण गर्ने लक्ष्यका साथ सरकारले पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियान २०८१/८२ सञ्चालन गर्ने निर्णय गरिसकेको छ ।

पाठेघरको मुखको क्यान्सरका कारण बढ्दै गरेको अकाल मृत्युको जोखिमबाट जोगाउने उद्देश्यसाथ करिब १७ लाख किशोरीलाई खोप दिन लागिएको छ । यही माघ २२ गतेदेखि एचपिभी खोप अभियानमार्फत कक्षा ६ देखि १० मा अध्ययनरत किशोरी तथा विद्यालय बाहिर रहेका १०-१४ वर्षकी किशोरीलाई खोप लगाइने भएको छ ।

डा. गौतमले भने, 'हरेक वर्ष नियमित खोप सेवामार्फत कक्षा ६ तथा विद्यालयबाहिर रहेका १० वर्षे किशोरीलाई खोप दिने लक्ष्य छ । विश्व क्यान्सर दिवसका अवसर पारेर १६ लाख ८८ हजार ७६८ जना किशोरीलाई खोप दिन लागिएको छ । आगामी वर्षदेखि फागुन महिनालाई नियमित एचपिभी खोप सेवा सञ्चालन गर्ने महिना निर्धारण गर्ने सोचेका छौं । आव २०८२/८३ देखि नियमित एचपिभी खोप सेवा सञ्चालन गरिने छ ।'

नेपालमा प्रत्येक दिन पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु भइरहेको तथ्यांक छ । 'ग्लोबल क्यान्सर अब्जरभेटरी २०२२' का अनुसार हरेक वर्ष नेपालमा दुई हजार १६९ जना महिलालाई यस्तो क्यान्सर हुन्छ भन्ने अनुमान छ । हरेक वर्ष एक हजार ३१३ जना महिलाको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने र औसतमा प्रत्येक दिन चार जना महिलाहरूको पाठेघरको मुखबाट मृत्यु हुने अनुमान गरिएको छ ।

**मोटरसाइकल हरायो**

मणिक लामा नामको निम्न व्योहोरा भएको मोटर साइकल मिति २०८१/०८/२१ गते भक्तपुर जिल्ला मध्यपुरथिमी न.पा.वडा नं.३ बालकोटबाट बेलुकीको ६:३० बजेतिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि दिनु होला ।

प्रकार – Pulsar 220 CC.
बाइक नं. BA Pra-02-049 PA 4842
चेसिस नं. MD2A13EX2NCM85492
इन्जिन नं. DKXCMM39694
ठेगाना : भक्तपुर
सम्पर्क नं. ९८४१७५४२५६

**तु-आवश्यकता**

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**1. Public Relations Officer (PRO) - 5 (M/F)**

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी हुनुपर्ने छ ।

तलबः ५0,000 सम्म
आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।

TESLA OVERSEAS PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
HOTLINE NUMBER -9704540753, Email: info@teslaoverseas.com.np, md@teslaoverseas.com.np, Web: www.teslaoverseas.com.np
Govt. License 1638/080/81

# दिउँसै चितुवा देखिन थालेपछि कलुवापुरका बासिन्दा त्रसित

**कञ्चनपुर (प्रस)–** शुक्लाफाँटा नगरपालिका...-११ कलुवापुर बजार नजिकै शनिबार दिउँसै वयस्क चितुवा देखिएपछि स्थानीय बासिन्दा त्रसित भएका छन् । बजार क्षेत्र नजिकैको श्रीकृष्ण सामुदायिक वनको पूर्व-पश्चिम राजमार्ग छेउमा रहेको घाटगद्दीमा चितुवा देखापरेको हो ।

स्थानीय बासिन्दाले चितुवा देखेपछि होहल्ला गरेर वन क्षेत्रभित्रै भगाएको सामुदायिक वनका सहसचिव अतुलबहादुर ऐरले बताए । अमरपुर र कलुवापुर बजारको बस्तीसँगै जोडिएको क्षेत्रमा दिउँसै चितुवा देखिएपछि स्थानीय बासिन्दा त्रसित अवस्थामा रहेको उनले बताए ।

ऐरका अनुसार एक साताअघि पूर्व-पश्चिम राजमार्गको वनहरा पुल छेउमा स्थानीयले साँझपख पाटेबाघ देखापरेको थियो । 'सामुदायिक वन संरक्षणको प्रयासस्वरूप घना झाडी भएसँगै जंगली जनावरको संख्या बढ्दो छ,' ऐरले भने, 'नीलगाई, चितल, बँदेललगायत जनावर देखिने क्रमसँगै चितुवा र बाघ देखिन थालेपछि स्थानीय उपभोक्ताले वन क्षेत्रमा जान छाडेका छन् ।'

सामुदायिक वनको सभाहलमा बिहान योगाभ्यासको कार्यक्रम केही दिनदेखि सञ्चालन हुँदै आएकामा चितुवा देखिएपछि सुरक्षाका कारणले कार्यक्रम बन्द गर्नु परेको स्थानीय बासिन्दाको भनाइ छ । दिउँसै हिंस्रक जनावर देखिन थालेपछि साँझका बेला हिँड्डुल गर्न डराउनुपर्ने अवस्था आएको स्थानीय टेकबहादुर भण्डारीले बताए ।

**माथिल्लो माया खोला जलविद्युत आयोजना (५.0) मे.वा आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/0८/३0

कोशी प्रदेश, संखुवासभा जिल्ला, मादी नगरपालिका ३ र ४ र धर्मदेवी नगरपालिका १ र २ मा वालेङ्ग तुम्होक हाइड्रोपावर प्राइभेट लिमिटेड द्वारा ५.० मे.वा क्षमताको माथिल्लो माया खोला जलविद्युत आयोजनाको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | वालेङ्ग तुम्होक हाइड्रोपावर प्राइभेट लिमिटेड, का.म.न.पा ३२, अनामनगर, काठमाडौंफोन नं – ९८५१०५३५५८, ९८०८४५५५०५ |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित आयोजनको लागि समुन्द्री सतहबाट ११२२.७१५ मिटर उचाइमा स्थित माया खोलामा बाँध निर्माण गरी सतही डिसेन्डर बाट खोलाको पानीलाई २५६७.७ मि लामो, १.४ मि व्यास रहने हेडरेस पाइपको मद्दतले सर्ज पाइपमा लानेछ । उक्त पानी सर्ज पाइपबाट करिब २२६.८ मि लामो र १.३ मि व्यास रहने पेन स्टक पाइपबाट विद्युत गृहमा पानी खसाली ५.० मेगावाट विद्युत उत्पादन गरी ५०.० मि लामो नहरको मध्यमबाट माया खोलामा पानी खसालिनेछ । |
| **प्रभाव पर्न सक्ने जिल्ला/नगरपालिका र वडा** | कोशी प्रदेश, संखुवासभा जिल्ला, मादी नगरपालिका ३ र ४ धर्मदेवी नगरपालिका– १ र २ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, संस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा तथा त्यस क्षेत्रको विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गरिदिनुहुन् अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगाना**

| प्रस्तावक | परामर्शदाता |
|---|---|
| वालेङ्ग तुम्होक हाइड्रोपावर प्राइभेट लिमिटेड, का.म.न.पा – ३२, अनामनगर, काठमाडौं फोन नं – ९८५१०५३५५८, ९८०८४५५५०५ | राज बन्धु सर्विसेस प्रा. लि. बालुवाटार, ४ काठमाडौं इमेलः rajbandhu services@yahoo.com फोन नं ०१-५९०८७२८ |

प्रदेश सरकार
**खानेपानी, सिचाई तथा उर्जा मन्त्रालय**
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**
**खोटाङ, कोशी प्रदेश, नेपाल**

**बोलपत्र आह्वानको सूचना**

*(प्रथम पटक प्रकाशित मिति : २०८१/०८/३० गते)*

1. The WSSDO invites sealed bids or electronic bids from Nepalese eligible bidders for the given below list under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Office of WSSDO Diktel, Khotang or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost (as given below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank :
   **Name of the Bank** : Rastiya Banijya Bank, Diktel, Khotang
   **Name of the Office** : WSSDO, Diktel, Khotang
   **Office Account No.** : 1000100200010000 (Aantarik Rajaswo Khata)
   Rajaswo Sirsak NO. 14229
4. Sealed or electronic bids must be submitted to the office WSSDO, Diktel, Khotang through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 pm on 2081-10-29. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 2081-09 29 at the office of WSSDO, Diktel, Khotang. Bids must be valid for a period as stated below after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of amount given below which shall be valid for 30 days beyond the validity period of the bid.

| Contract Identification No. | Description of Works | Bid Security Amount | Bid Document Fee | Bid Validity Period |
|---|---|---|---|---|
| WSSDO/ NCB/Goods/ 01/0 81/82 | Procurement and Supply of Heavy Class GI Pipes | NRs. 445,000.0 | NRs. 3,000 | Bid Validity Period 120 days |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नैतिक प्रश्नको घेरामा ऊर्जामन्त्री

ऊर्जामन्त्री दीपक खड्का आफ्नो कमजोरी लुकाउन सक्रिय बनेका छन् । स्वयंसेवी संस्था नेपाल स्काउटको पाँच करोड रूपैयाँभन्दा बढी भाडा नतिर्ने र सम्झौताभन्दा बढी स्काउटको जग्गा हडप्नेमा मन्त्री खड्काको संलग्नता प्रस्ट देखिन्छ । यो विषय संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमा पुगिसकेको छ । अब समितिले कस्तो निर्देशन देलान् ? हेर्न बाँकी छ । तर, यतिबेला उनै खड्काको फाइँफुट्टी कम्ता छैन । सिसाको घरमा बसेर ढुंगा हान्ने प्रवृत्ति मन्त्री खड्काले देखाएका छन्, जुन बुद्धिमत्तापूर्ण होइन ।

बरु, उनले आफ्नो कम्पनी खड्का ल्याण्ड डेभलपमेन्ट प्रालिमार्फत सरक्क विनाविवाद स्काउटको भाडा बक्यौता तिर्नुपर्छ । त्यसमा ढिला गर्नु हुँदैन । समयमा नबुझाएपछि जरिवानासहित भाडा लिने स्काउटको अडान नाजायज मान्न सकिँदैन । त्यही भएर जरिवानाविना भाडामात्रै बुझाउने मन्त्री खड्काको कम्पनीको तर्क स्वीकार गर्न योग्य छँदै छैन । अनि, बिहीबार प्रेस विज्ञप्तिमार्फत भनिएअनुसार साता दिनभित्रै बक्यौता रहेको सबै भाडा बुझाएर मन्त्री खड्काले उच्च नैतिक चरित्र प्रदर्शन गर्नैपर्छ ।

अर्कोतिर, नेपाल विद्युत् प्राधिकरणमा जसरी कार्यकक्ष स्थापना गराएका छन् र त्यहाँबाट कार्यकारी निर्देशक कुलमान घिसिङलाई निगरानी गर्ने अशोभनीय प्रदर्शन मन्त्री खड्काले गरेका छन् । 'कहीँ नभएको जात्रा हाँडीगाउँमा' भन्ने उक्तिको चरितार्थ गर्ने दायित्व मन्त्री खड्काको होइन । बरू, प्राधिकरणले झेल्दै आएका नीतिगत समस्या सम्बोधनका लागि पहल गर्ने भूमिका मन्त्रीको हो । तर, मन्त्री खड्का जग हँसाउने क्रियाकलापमा तल्लीन देखिएका छन् । यस्तो कार्यशैलीले राज्यलाई फाइदा पुग्दैन । चर्चामा आउन नाटक मञ्चन गर्नु आवश्यक छैन ।

यससँगै डेडिकेटेट फिडर र ट्रंकलाइन महसुलको बक्यौता यसअघि भएको मन्त्रिपरिषद् निर्णयअनुसार उठाउन सरकारले नै पहल गर्नुपर्ने भएको छ । किनभने यसअघि १५ मंसिरसम्ममा बक्यौता उठाउने निर्णय गर्ने निकाय मन्त्रिपरिषद् नै हो ।

यस्तो निर्णय आउनुअघि प्राधिकरणले बक्यौता बुझाउन् भनेर उद्योगहरूमा लाइन काट्ने गरेको थियो । त्यसलाई काउन्टर दिनेगरी मन्त्रिपरिषद्ले उद्योगीको घुमाउरो शैलीमा पक्षधरता लिएर १५ दिने बक्यौता बुझाउने अवधि तोकेको थियो । तर, प्राधिकरणका अनुसार एक रूपैयाँ बक्यौता उठेको छैन । यो लज्जास्पद हो । त्यसकारण मन्त्रिपरिषद्ले गरेको निर्णयअनुसार तत्काल वक्यौता उठाउनुपर्ने दायित्व बहन गर्न ऊर्जामन्त्री अग्रसर हुनुपर्छ ।

## मनन्योग्य

### चाणक्य नीति

यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ । कसूरको मात्रालाई विचार गरेर यस्तो कसूर गर्नेलाई दण्ड सजाय पनि हुने गर्दछ । यस्तो दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन्, जसलाई 'यमराज' पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटि हुन गएछ भनें यमराज स्वयम्ले पनि सजाय भोग्नुपर्दछ भन्ने कुरा हामी ज्यादै थोरै व्यक्ति मात्रले थाहा पाएका छौं ।

'धर्मको गति बुझिनसक्नु छ' 'र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्त्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो । शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् । क्रमशः

# यःमरि पुन्ही, उधौली र जात्रा पर्वहरू



■ पदम श्रेष्ठ

> योमरी पूर्णिमाकै दिन हुन्छ, लुभु गोभ्रातेश्वर जात्रा । एक दिनअघि घर लिपपोत गरी शुद्धसँग बनाएको योमरी काँसको थालमा एक रुपैयाँ दामसहित छुट्याइन्छ भने एक माना चामलसहित पूजाका लागि ल्याउने गोभ्रातेश्वर महादेवलाई चढाइन्छ । यसरी जात्रा गर्दै पूजा थाप्दा महादेवलाई १४ जना द्वारे र १६ जना खड्गीले शुद्धतापूर्वक पूजा गरिन्छ । पूजामा शुद्धता नभए देवता कोफ भई रोगको महामारी फैलिन्छ भन्दै मंसिर पूर्णिमाका दिन चोभरी दुवाल ज्यापूहरूले नुहाएर पवित्र भई नङ काटेर एक्लै सुत्ने सेतो जामा पहिरेर जात्रा चलाइने गरिन्छ ।

आज मंसिर पूर्णिमा । आजको दिनलाई विभिन्न आदिवासी समुदायले फरक-फरक पर्वका रूपमा मनाउँदछन् । नेवार समुदायले यस दिनलाई यःमरि पुन्हि (धान्य पूर्णिमा)को रूपमा मनाउँदै आएको छ । यसै दिन ज्यापु दिवस पनि मनाइन्छ । काठमाडौं उपत्यकाका विभिन्न स्थानमा जात्रा लाग्ने गर्दछ । यही दिन किराँत समुदायको उधौली चाड पर्छ । तराइमा थारुहरूले फगुई पर्वका रूपमा यो पूर्णिमालाई मनाउने गर्दछन् । कुलुङ चाड येलेदोङ, चाक्वाकुर पनि यही दिन पर्दछ । यो लेखमा यी पर्व तथा जात्राहरूका बारेमा चर्चा गरिएको छ ।

### यःमरि पुन्हि

यःमरि च्वामू उके दुने हाम्व, बिउसा ल्यासे मब्युसाः बुरिकुती, त्यःछिं त्यः, वकःछिं त्यः, लाटपाटा कुलिंचा जुत्छी त्यः, यःमरि च्वामू...

यसरी तिहारमा देउसीभैलो मागेजस्तै मागेर यःमरि (योमरी) खाने परम्परा छ, काठमाडौं उपत्यकाका नेवार समुदायमा । प्रेम, दया, करुणाको भावनात्मक पर्व यःमरि पुन्हीलाई बौद्धहरू पञ्चतत्त्व (चाकु, तिल, अदुवा, पानी र चामलको पिठो) ले पूर्ण चिवहाः चैत्यका रूपमा लिन्छन् । यःमरि खानाले जाडो सहनसक्ने ऊर्जा र कफ नष्ट गर्ने शक्तिको विकास हुन्छ भनिन्छ । चामलको पिठोभित्र चाकु, तिल, खुवा, अदुवाको रस राखी मःमःझैं बफाएर योमरी पकाइन्छ । किसानहरू यसदिन चामलको पिठोबाट गणेश, लक्ष्मी, ज्यापू, ज्यापुन्ही, ख्याक, कुवेर आदिका प्रतीकको साथ ल्वंचामरी चढाएर ढुकुटी पूजा गर्दछन् । यःमरि नेवार समाजमा छोरीचेली गर्भवती हुँदा माइती खलकले धौबजी खुवाउन जाँदा लानुपर्ने चलन छ । बालबालिकाको जन्मोत्सव, विवाह, म्हपूजा र वृद्ध भएपछि जंकुमा पनि यःमरि नभई हुँदैन ।

### यःमरि बनाउने तरिका

यःमरि बनाउन नयाँ धानको टाइचिन चामलको पिठो भए झनै उचित । पिठो मनतातो पानीमा मुछ्नुपर्छ । मुछ्दा धेरै गिलो वा साह्रो हुनुहुँदैन । एक मुठी पिठोको डल्लोभित्र हातको बूढीऔंलोले पेट खाली बनाउने र त्यसभित्र चाकु, तिल स्वादअनुसार खुवा, घिउको लेदो राख्दै मुख बन्द गरी मःमः जस्तै बफाएर पकाउनुपर्छ ।

### सासौं गोभ्रातेश्वर महादेवको खटजात्रा

योमरी पूर्णिमाकै दिन हुन्छ, लुभु गोभ्रातेश्वर जात्रा । एक दिनअघि घर लिपपोत गरी शुद्धसँग बनाएको योमरी काँसको थालमा एक रूपैयाँ दामसहित छुट्याइन्छ भने एक माना चामलसहित पूजाका लागि ल्याउने गोभ्रातेश्वर महादेवलाई चढाइन्छ । यसरी जात्रा गर्दै पूजा थाप्दा महादेवलाई १४ जना द्वारे र १६ जना खड्गीले शुद्धतापूर्वक पूजा गरिन्छ । पूजामा शुद्धता नभए देवता कोफ भई रोगको महामारी फैलिन्छ भन्दै मंसिर पूर्णिमाका दिन चोभरी दुवाल ज्यापूहरूले नुहाएर पवित्र भई नङ काटेर एक्लै सुत्ने सेतो जामा पहिरेर जात्रा चलाइन्छ । गोभ्रातेश्वर महादेवस्थानमा दुवाल ज्यापूका पुर्खाले पशुपति दर्शन गर्दा गाईको गोबरमा महादेवले दर्शन दिएकोले गोभ्रातेश्वरलाई नेपाल भाषामा सासौ महाद्यो भनियो ।


### थेचो नवदुर्गा गणनृत्य

यःमरि पुन्हीको एक दिनअघि छोयला बु, पोलेको राँगाको मासुलाई नुन-खुर्सानीमा मोलेर बनाएको परिकारसँग भोज खाई ऐतिहासिक थेच्वको नवदुर्गा जात्रा मनाइन्छ । छोयला बु, यःमरि पुन्ही, पिंगल जात्रा, मी प्याखँ (कोयलाछ्री जात्रा), भैलाजु जात्रा गरी पाँच दिन थेचो नवदुर्गा जात्राका ब्रह्मायणी र बालकुमारी खटजात्रा गरिन्छ ।

### १२ वर्षे थेचो नवदुर्गा जात्रा

पूर्व कर्मनाशा र पश्चिम नख्खुबीचको करिब १३ हजार ५०० रोपनीमा फैलिएको थेचो नवदुर्गा जात्राको वर्ष दिन अगाडि श्रावण कृष्ण त्रयोदशीदेखि तयारी हुन्छ । नवदुर्गा गणमा सिंहिनी, व्याघ्रिनी, बाराही, भैरव, अजिमा (दक्षिणकाली), मनमैंजु (महालक्ष्मी), म्हासुख्वा माजु (ब्रह्मायणी), कुमारी, वामुख्वामाजु, विष्णुदेवी, गणेश, तुयुख्वा माजु (वंगालादेवी)को मुकुन्डो गहना, लुगा र आगद्यो रहेको नवदुर्गा मन्दिरभित्र हाँस, कुखुराको बलि दिई भोज खाइसकेपछि एक महिनासम्म मूलढोका बन्द गरिन्छ । मूलढोका बन्दपछि थेचोभरि बाजा बजाउन, बिहे-व्रतबन्ध गर्न, इष्टमित्र-आफन्तलाई देश घुमाउन, राति बास बस्न पूर्ण बन्देज लगाइन्छ । भनिन्छ, यस अवधिमा अज्ञात व्यक्ति दही-चिउरा खान्छु भन्दै आउने र सोही व्यक्ति देवीलाई बलि दिने कथन थियो । देवी जगाउन लेलेको तीनपानी भञ्ज्याङबाट 'आगामसिं' काठ ल्याई चोकमा नृत्य छाप्रो बनाइन्छ ।

सोही रात सिंहिनी-ब्याघ्रिनीलाई थेचोको यामुन्या, पोखरीको भैरवलाई छम्पी दह, दक्षिणकालीलाई खुल्डोचाबाट र बाराहीलाई बुंलीदह गोदावरीबाट पानी ल्याई चोख्याउने गरिन्छ । त्यसैगरी महालक्ष्मी, मनमैंजुलाई



यामुन्या पोखरी, विष्णुदेवी बामुख्यालाई धापाखेलको गंगा र गणेशका लागि गलबल ठेचोको जल ल्याई गोप्य पूजा गरी विधिपूर्वक मुकुन्डो र पोसाक लगाउँछन् । यस थेचो नवदुर्गा जात्रा गणनृत्यमा, ढल्को क्षेत्रपाटीस्थित इन्द्रायणी पीठ, टोखाको कालिकास्थानमा जस्तै जीवित माछा, भँगेरा, सर्प र बोका दन्दनी बलिरहेको होमस्थलमा दहन गरिन्छ ।

### थानकोट महालक्ष्मी जात्राः र योमरी पूर्णिमा

योमरी पूर्णिमाका दिन गोपाली, देसार, ज्यापुको आदिभूमि थानकोटमा महालक्ष्मी, महाभैरवीको खटजात्रा हुने गर्दछ । राजा अमर मल्लद्वारा ने.सं. ६०४ मा बस्ती रक्षार्थ स्थापित अष्टमातृका पीठमध्ये महालक्ष्मीलाई यस देशको प्रमुख देवी मानिन्छ । आदिनारायणको खटजात्रालगत्तै थालिने महालक्ष्मी जात्रा चाफः टोलका देसार गुठीका भैरवलाई विधिपूर्वक ढुंगेसिंह कटाएपछि अगाडि बढ्छ । द्वारे र दुवाल समुदायको सहयोगमा हुने जात्राअघि महालक्ष्मी मन्दिरमा गोपाली कन्याको इही (बेल विवाह) गरिन्छ । गोपाली समुदायमा इही गर्ने परम्परा छैन तर जात्राका बेला दुई जना कन्याको इहीलाई भाग्यमानी मानिन्छ । गंगटो बलि दिएर सुरू हुने पञ्चबलि (राँगा, हाँस, बोका, भेंडा, कुखुरा) बलिसहित महालक्ष्मी जात्रामा भैरव र गणेशका खट सहभागी हुन्छन् ।

### किराँती समुदायको उधौली

अन्न उत्पादनका लागि प्रकृतिलाई धन्यवाद दिन मनाइन्छ, किराँती चाड उधौली । भव्य सभामा रजस्वला हुन पुगेकी बहिनी सोइसोइला लाज र ग्लानिवंश समारोह छोडेर जंगल पस्छिन् । 'दोलोकुम्मा दो सोइ सोइला' भन्दै चेलीलाई बोलाउँदा पनि फर्किनन् भने भुइँमा खसेको श्रीपेच ढुंगा बन्न पुग्यो ।

श्रीपेचको शक्ति ढुंगामा छ भन्नेहरू, ढुंगापूजक लिम्बू र श्रीपेचको शक्ति बहिनी सोइ सोइलासँगै जंगलमा छ भन्नेहरू प्रकतिपूजक खम्बू (राई) कहलाए । मुन्धुम धर्मशास्त्रअनुसार उभौली र उधौली पुज्नेहरूमा राई (खम्बू), लिम्बू, याख्खा, सुनुवारले वैशाख पूर्णिमामा चण्डी नाचेर (साकेला) र मंसिर पूर्णिमाका दिन उधौली (सिली) मनाउँछन् । तर, किराँतभित्रकै कुलुङ, जेरो, याम्फूले पुस १५, १६ र १७ गते चक्चाकुर नयाँ वर्ष मनाउँछन् । नेवारहरूले योमरी पुन्ही मनाइरहँदा किराँतले पनि नयाँ अन्नको परिकार खाँदै सिली मनाउँछन् । यसदिन किराँत भूमि पूर्वी नेपालको पहाडी इलाकामा मौलिक हाक्पारे, लङसिङ, केनीसा नाच्ने र किराँती धर्मशास्त्र मुन्धुमअनुरूपका फुङवा, चोङवा, थाक्वा थाक्मा, पाक्लुङलेटमा देवीदेवताको पूजा गरी धनुकाँड प्रदर्शन गरिन्छ । सिली उधौलीको आख्यानुसार, आदिकालमा खेती गर्न नजानेका किराँतहरू काँचै तरुल, गिट्ठा, भ्याकुर र जंगली जन्तुको मासु खाने गर्दा अनेक रोग लागेर मर्दथे । तर तागेरा देवताले कागुन र धान पकाएर खान सिकाएपछि डाँडाकाडा नै ढाकिनेगरी जनसंख्या बढेछ । यही खुसियालीमा नयाँ धान वा कागुनको परिकार खाने र साकेला नाची चाखोम्बा, मिसेक, युमासाम, धेवासाम, थुङदाङवा र सायात्रुदेनका देवीदेवतालाई सुंगुर, कुखुरा, राँगा बलि दिई नयाँ अन्नको परिकार खाइन्छ ।

### फगुई पर्व र थारु

भूमिपुत्र थारु समुदायमा नयाँ अन्न घर भित्र्याएर पूजा गरिन्छ । नयाँ अन्न भित्र्याएर पूजालाई औंली लेना-औली देना भनिन्छ । नयाँ अन्नको पिठोबाट झझराँको रोटी देवता चढाएर खाइन्छ । थारु समुदायले यसलाई फगुई भन्दछन् ।

### कुलुङ चाड, येले दोङ, चाक्वाकुरः

किराँतभित्रका कुलुङहरूको महान् चाड चाक्वाकुर पुस १५ देखि १७ गतेसम्म मनाइने परम्परा छ । कुलुङ आदिभूमि सोलुखुम्बुको महाकुलुङ, छेस्कम, गुदेल, बुङ, साद्दी, पार्व, सोत्तो (सोताङ)लगायत स्थानमा मौलिक भाषा कुलुङ परम्पराको पहिचानसहित मनाइन्छ चक्चाकुर । पुस १७ नयाँ वर्ष येले दोङ पनि हुँदा तीन दिन भकारी पूजा गरेर मनाइन्छ ।

### मिनारी दाचाम्रीः पुस १५ गते गरिने पूजा । घरमा मीठो-मसिनो जे छ, खान्छन् ।

**तोबुबा-दोलमः** दोस्रो दिन चेली-छोरी ज्वाइँलाई बोलाएर खुवाउने ।

**नयाँ वर्ष येलेदोङः** शुभकामनासहित तोबुबा पिलम भव्य मनाउँछन् ।

पारिवारिक भेटघाट, शुभकामना आदानप्रदान गर्दै मीठो खाएर मनाउने चाक्वाकुर पर्व सोलुखुम्बुको महाकुलुङमा विशेष मनाइन्छ भने सुनसरी, मोरङ, झापा, तेह्रथुम, पाँचथर, ताप्लेजुङ, काठमाडौंका कुलुङहरू यस पर्वलाई पुनःजागृत गर्न लागिपरेका छन् ।

## पाठक पत्र

# पीडित जनतालाई आश्वासनमा भुलाउँदै सरकार

गत वर्ष माघमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारमा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र अर्थमन्त्री डा. प्रकाशशरण महत थिए । त्यतिबेला मिटरब्याज र लघुवित्त पीडितहरू आन्दोलनमा थिए । सोही क्रममा लघुवित्त पीडितहरूको एक समूह संघीय संसद्भित्रै छिऱ्यो ।

फागुन २१ गते तत्कालीन प्रधानमन्त्री एवं माओवादी अध्यक्ष दाहालले नेपाली कांग्रेससँगको गठबन्धन तोडेर नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायत दलसँग मिलेर सरकार गठन गरे । रास्वपा सभापति रवि लामिछाने गृहमन्त्री बने । अर्थमन्त्री वर्षमान पुन बने । गृहमन्त्री बनेलगत्तै लामिछाने मिटरब्याजपीडितसँग सम्झौता गरे । सम्झौतापीडितको समस्या समाधानका लागि तीन महिनाको समयावधि तोकेर आयोग गठन गरे । यता, अर्थमन्त्री पुनले पनि लघुवित्तपीडितसँग सम्झौता गर्दै तीन महिनाकै समयसीमा तोकेर आयोग गठन गरे । आयोग गठनसँगै मिटरब्याज र लघुवित्तपीडितहरूले आन्दोलन स्थगित गरे । उनीहरू आ-आफ्नो गाउँघर फर्किए ।

विडम्बना अहिलेसम्म मिटरब्याज र लघुवित्तपीडितहरूको समस्या समाधान भएको छैन । अहिले गृहमन्त्री रमेश लेखक छन् भने अर्थमन्त्री विष्णुप्रसाद पौडेल । ती आयोगले बुझाएको प्रतिवेदन उनीहरूले दराजमा थन्क्याएका छन् । कार्यान्वयनका निम्ति क्याबिनेट लगेनन् । महिनौं दिन पैदल हिँडेर न्याय माग्दै लघुवित्त र मिटरब्याजपीडित राजधानी आएका थिए ।

उनीहरूले दिनरात, घामपानी नभनी आन्दोलन गरे । तर, त्यसको कुनै औचित्य नै भएन । लघुवित्त र मिटरब्याजी साहुहरूले सबै जायजेथा खाइदिएपछि कतिपयले सहन नसकेर आत्महत्या पनि गरिसकेका छन् । कतिपय भने साहुबाटै यौन शोषणमासमेत परेका छन् । मिटरब्याजी र लघुवित्तले एक लाख ऋणको मासिक ब्याज पाँच हजारदेखि ३० हजार रूपैयाँसम्म असुलेको पीडितहरूले बताउँदै आएका छन् ।

यतिसम्म नभई पाँच लाख ऋण दिएर करोडौंको धितोमाथि कब्जा जमाएको वा एक लाख ऋण लिएकोमा करोड बुझाउँदासम्म अझै बाँकी छ भन्दै यातना दिएको उनीहरू बताउँछन् । लघुवित्त र मिटरब्याजीहरूले गरिब, अशिक्षित अनि सीधासाधी सर्वसाधारणको सम्पूर्ण सम्पत्ति यसरी खाइदिएका छन् । तर, सोझासाझाको पैसा खाइदिने यिनीहरू मात्रै होइनन्, बैंक, वित्तीय संस्था पनि हुन् ।

जनताको सेवा गर्ने र जीवनस्तर उकास्ने भन्दै खुलेका बैंक, वित्तीय संस्थाले उनीहरूलाई घर न घाटको अवस्थामा पुऱ्याइदिएको छ । सहकारी, बैंकबाट ऋण लिएका अधिकांश मर्नु कि बाँच्नु अवस्थामा पुगेका छन् । एकातिर घूस नदिई कर्जा नपाइने अर्कोतिर चर्को ब्याजले आमनागरिक मारमा परेका छन् । यतिसम्म कि अहिले सहकारी र बैंकमा बचत गरेका सर्वसाधारणसमेत पीडित हुन पुगेका छन् । उनीहरूको रुवाबासी चलेको छ । दिनभर दुःख गरी कमाएको पैसा सहकारीले खाइदिँदा उनीहरू बिचल्लीमा परेका छन् । अहिले जनता भन्छन्, 'लघुवित्तदेखि सहकारी, बैंक, फाइनान्स सबै ठग, चोर हुन् ।' पछिल्लो समय बैंकमा पैसा थुप्रिए पनि कर्जा लिने कोही छैन ।

विगतमा कर्जा खाएका जनतालाई आत्महत्या गर्नुपर्ने अवस्थामा पुऱ्याउने अनि अहिले को जान्छ कर्जा माग्न ? बैंकप्रति आमनागरिकको विश्वास घट्दै गएको छ । पहिलेजस्तो बैंकमाथि जनता विश्वास गर्दैनन् । कर्मचारीहरू दिनदहाडै खाताबाट बचतकर्ताको पैसा चोर्ने, लुट्ने अनि जनताले कसरी विश्वास गरुन् ? बैंक पनि केही समयमै सहकारीकै अवस्थामा पुग्ने अधिकांश बताउँछन् ।

सहकारीबाट पीडित भएका जनता पटक-पटक सडकमा उत्रिए । तर, सरकारले उनीहरूको आवाज सुनेन । बारम्बार सम्झौता गरेर झुक्यायो मात्र । जनता सडकमा उत्रिएपछि सरकार आन्दोलन तुहाउन आयोग गठन गर्छ । त्यसपछि जनता आफ्नो समस्या हल हुने आशामा आन्दोलन स्थगित गर्छन् । आन्दोलन स्थगित गरेसँगै सरकार फेरि मौन हुन्छ ।

चुपचाप बस्छ, केही गर्दैन । मिटरब्याज र लघुवित्तपीडितहरू संसद् भवनभित्रै प्रवेश गरेपछि तत्कालीन सरकारले संसद् भवन आसपाससहित सिंहदरबार, राष्ट्रपति कार्यालय, प्रधानमन्त्री कार्यालयलगायत स्थानमा निषेधाज्ञा जारी गऱ्यो । त्यहाँका फुटपाथमा प्रहरी खटाइयो । आमनागरिकलाई हिँड्नसमेत रोक लगाइयो । यसरी भएको आन्दोलन मत्थर पार्न सरकारले सम्झौता गऱ्यो । तर, उक्त सम्झौता कार्यान्वयनमा सरकार इमान्दार बनेन । पीडितलाई झुक्याउने काममात्र भइरह्यो । यस्तो यो पटक मात्रै होइन, पटकपटक यस्तो हुँदै आएको छ । पीडितलाई आश्वासन दिने, सम्झौता गर्ने तर कार्यान्वयन नगर्ने परिपाटी कहिलेसम्म ? भोलि फेरि पीडितहरू एक ढिक्का भएर आन्दोलित भए भने सरकारले रोक्न सक्ने अवस्था देखिँदैन । त्यसैले झुक्याउने काम बन्द गरेर पीडितको माग सम्बोधन गर्न सरकार गम्भीर बन्नुको विकल्प छैन ।

**– रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**ह्विलचियर बास्केटबल** | सहृदयी मञ्च तनहुँको आयोजना र व्यास नगरपालिकाको सहयोगमा शनिबार व्यास नगरपालिका–३ मा आयोजित ह्विलचियर बास्केटबल प्रतियोगितामा सहभागी अपांगता भएका व्यक्तिहरू । *तस्बिरः कृष्ण न्यौपाने/रासस*

# ७० प्रतिशत मानसिक रोगी स्वास्थ्य सेवाको पहुँचबाहिर

सुदूरपश्चिम (प्रस)- मानसिक स्वास्थ्य समस्या हुनेहरूमध्ये ७० प्रतिशत व्यक्ति अझै पनि स्वास्थ्य सेवाको पहुँचमा पुग्न नसकेको सरोकारवालाले बताएका छन् । विकासोन्मुख देशमा मानसिक स्वास्थ्य सेवामा बजेट न्यून विनियोजन हुने र उपलब्ध स्वास्थ्योपचार सेवा पनि सहर केन्द्रित हुँदा ठूलो संख्यामा मानसिक रोगी स्वास्थ्य सेवाको पहुँचमा नपुगिरहेको बताइएको छ । धनगढीमा शुक्रबार आयोजित मानसिक स्वास्थ्यको अवस्था र मानसिक स्वास्थ्य रणनीतिक कार्ययोजनासम्बन्धी अन्तरक्रियामा नेपालमा मानसिक स्वास्थ्य समस्या बर्सेनि बढ्दै गएको जानकारी दिइयो । अस्पताल तथा स्वास्थ्य संस्थामा आवश्यक मनोचिकित्सकको व्यवस्थापन हुननसक्दा यो समस्या थप गम्भीर बन्दै गएको छ ।

नेपालमा अहिले औसतमा एक जना विज्ञ चिकित्सकले चार लाख ६० हजार जनाको उपचार गर्नुपर्ने अवस्था रहेको जनाइएको छ । मानसिक स्वास्थ्यको मुख्य समस्याको रूपमा 'डिप्रेसन' र 'एन्जाइटिस' देखिएको छ । समुदायमा पत्ता लाग्ने मानसिक स्वास्थ्य समस्यामध्ये २८ प्रतिशत 'डिप्रेसन' र ४० प्रतिशत 'एन्जाइटिस'सँग सम्बन्धित समस्या हुने गरेको छ । एक तथ्यांकका अनुसार नेपालमा ५.२ प्रतिशत १३ देखि १७ वर्ष उमेरका किशोरकिशोरी र १० प्रतिशत १८ वर्षभन्दा माथिका वयस्कमा मानसिक स्वास्थ्य समस्या पाइएको छ । जटिल मानसिक रोगकै कारण बर्सेनि आत्महत्या गर्नेको दर पनि बढ्दो छ ।

मानसिक रोग प्रवर्द्धनका क्षेत्रमा कार्यरत मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सिएमसी)ले यो रोगको रोकथामका लागि चेतनामूलकलगायतका गतिविधि गर्दै आएको छ । केन्द्रका प्रादेशिक संयोजक हिमाल गैरेले कार्यक्रममा मानसिक स्वास्थ्य तथा मनोसामाजिक कार्यक्रमलाई विभिन्न कार्यक्रममा मूलप्रवाहीकरण गर्न जरुरी रहेको बताए । उनले भने, 'समाजमा गम्भीररूप लिँदै गएको मानसिक स्वास्थ्य समस्या रोकथामका लागि ठोस रणनीति एवं योजना त्याएर कार्यान्वयनमा लैजान जरुरी भइसकेको छ ।' घोडाघोडी नगरपालिकाका प्रमुख खडक रावतले मानसिक स्वास्थ्यको समस्यालाई केन्द्रित गरेर गाउँ र वडा तहसम्म योजना बनाएर अघि बढ्न जरुरी भइसकेको बताए । सामाजिक विकास मन्त्रालयका सचिव चक्रपाणि पाण्डेले आवश्यक जनशक्तिको अभावले स्वास्थ्यसम्बन्धी गतिविधि प्रभावकारी ढंगले सञ्चालन गर्नमा कठिनाइ भएको बताए । उनले भने, 'मानसिक रोग समाजमा गम्भीर समस्याका रूपमा देखिन थालेको छ, प्रदेशमा मनोचिकित्सकको अभाव देखिँदा रोगको रोकथाममा समस्या देखिएको छ ।'

सरकारले निःशुल्करूपमा उपलब्ध गराउने ११ प्रकारका औषधि मानसिक रोगसँग सम्बन्धित छन् । कार्यक्रमका सहभागीले मानसिकरोगीको समस्या बढ्दै गए पनि गाउँ र वडा तहसम्म पुग्नुपर्ने स्वास्थ्यसम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा पुग्न नसकेको र सरकारले निःशुल्करूपमा उपलब्ध गराउने औषधिको पहुँचमा अधिकांश बिरामी पुग्न नसकिरहेको अनुभव सुनाउनुभएको थियो । प्रदेश तहमा मानसिक रोग रोकथामका लागि योजना तथा स्पष्ट नीति बनाएर अघि बढ्नुपर्नेमा सहभागीले जोड दिएका थिए ।

# संगिनी र बालन नाच संरक्षणमा महिला समूह

■ गोपाल काफ्ले

**पथरी–** आधुनिक नृत्य र पश्चिमा संस्कृति भित्रिएसँगै नेपाली मौलिक संस्कृति झल्कने नृत्यहरू लोप हुँदै गएका छन् । आधुनिक मनोरञ्जनका साधनको पहुँच बढेसँगै यहाँ परम्परागत संगिनी र बालन नाच लोप हुन थालेका हुन् । सरकारी पक्षबाट पनि यस्ता संस्कार र सांस्कृतिक नृत्यहरूको संरक्षणमा चासो नराख्नुले यिनको पुस्तान्तरणसमेत हुन सकेको छैन ।

पछिल्लो समय पथरी शनिश्चरे-३ शान्ति टोलका महिलाहरू यी नाचको संरक्षण र पुस्तान्तरणमा लागिपरेका छन् । यहाँ रहेको 'महिला जागरुक हरिकीर्तन तथा संगिनी समूह' संगिनी नाचको प्रचारप्रसारका साथै पुस्तान्तरणमा लागेको छ । समूहले नयाँ पुस्तामा जानकारी दिन प्रत्येक हप्ताको मंगलबार साँझ संगिनी प्रशिक्षण कार्यक्रम नै सुरु गरेको जनाएको छ ।

समूहले विगत चार वर्षदेखि आफ्नै खर्चमा संगिनी नाचबारे प्रशिक्षण दिँदै आएको छ । समूहमा आबद्धहरूलाई आमा, बुहारी र छोरी गरी तीनवटा समूह बनाइएका छन् । यी समूहले स्थानीयस्तरमा मात्रै होइन हाल मागअनुसार छिमेकी पालिकाहरूमासमेत संगिनी नाचका नाच्ने गरेका छन् । मौलिक संस्कार र संस्कृतिको संरक्षण गर्दै प्रचारप्रसारमा लागिपरेको महिला जागरुक हरिकीर्तन तथा संगिनी समूहलाई पुरुषहरूले समेत साथ दिन थालेका छन् । विवाह गरेर गएका महिलाहरूले आफ्ना मनमा लागेका वेदनाहरू गीतका माध्यमबाट पोख्ने ठाउँ नै हो संगिनी ।

संगिनी परापूर्वकालदेखि महिलाका सुखदुःखका साथै ढिकी, जाँतो पिस्दादेखि घरमा श्रीमान्, सासू, नन्द, देवर, जेठाजु र समाजमा भएका थिचोमिचोका वेदना बुहारी आमाहरूले गीतका माध्यमबाट पोख्ने गरेको बताउँछिन् समूहकी अध्यक्ष देवीमाया पोखरेल । ब्राह्मण र क्षेत्री समुदायमा नाचिने संगिनीसँगै बालन पश्चिमा संस्कृतिको प्रभाव समाजबाट हराउँदै गएको उनको भनाइ छ ।



झण्डै डेढ दशकअघिसम्म गाउँघरमा संगिनी र बालन नाच्ने गरे पनि पछिल्लो समय भने गाउँघरमा नाच्न छोडेको स्थानीय भुवनेश्वर पोखरेलले बताए । अचेल भने गाउँका थोरै महिलाहरू भेला भएर खेल्दै आएको संगिनी नृत्यले संस्कार र संस्कृतिको संरक्षणमा टेवा पुर्‍याएको उनी बताउँछन् ।

कुनै समय नेपालमा निकै चर्चित मानिएको संगिनी नाच पछिल्लो समय एकादेशको कथा जस्तै बन्न लागेको अवस्थामा स्थानीय समूह संरक्षणमा जुट्नु प्रशंसनीय रहेको पथरी शनिश्चरे-३ का शिक्षक खगेन्द्र लुइँटेलको भनाइ छ । 'पहिले मान्छेहरू टाढाटाढाबाट बालन र संगिनी नाच हेर्न पुग्थे । विशेषगरी बिहे, पूजा, पुराण समारोह, उत्सव आदिमा संगिनी नाचिने र सो नाचमार्फत महिलाले आफ्नो पीडा पोख्ने गरेका थिए,' उनले स्मरण गरे, 'पछिल्लो समय भने यसको संरक्षण र पुस्तान्तरण नहुँदा लोप हुने अवस्थामा थियो । विगत पाँच वर्षदेखि स्थानीय महिला दिदीबहिनीहरू संरक्षणमा जुटेपछि अचेल भने महत्त्वपूर्ण उत्सवमा नाच्न थालिएको छ । यो निकै सराहनीय काम हो ।'

१४ वर्षअगाडि भजनकीर्तन गर्न बनेको समूहले त्यसका साथै लोप हुँदै गरेको संगिनीको पनी संरक्षण गर्नुपर्छ भनेर पाँच वर्षदेखि संगिनी प्रशिक्षणका साथै ठाउँठाउँमा नृत्य देखाउँदै आएको सञ्चारकर्मी अर्जुन काफ्लेले बताए । 'यहाँ संगिनी प्रशिक्षण र नाच देखेर अघिल्लोपटक स्थानीय तहलेसमेत आर्थिक सहयोग गरेको थियो । यसको महत्त्व विस्तारै बुझ्न थालिएको छ । पथरी शनिश्चरे-४ र ८ मा पनि सिको गर्न थालिएको छ, यो राम्रो कुरा हो,' उनले भने ।

सामूहिकरूपमा सुरुआत गरेको संगिनी प्रशिक्षणले समाजमासमेत सकारात्मक प्रभाव पारिरहेको आमा र हजुरआमासँगै संगिनी प्रशिक्षण लिइरहेकी बालिका अपेक्षा खतिवडाको बुझाइ छ । उनी भन्छिन्, 'यसले हामीलाई हाम्रो संस्कारबारे थप जान्ने मौकासमेत मिलेको छ । पश्चिमा संस्कृतिको प्रभावका बीच संगिनी नाच के हो भनेर हाम्रो पुस्तालाई चिनाउन ठूलो मद्दत मिलेको छ ।'

पथरी शनिश्चरे-३ शान्तिटोलका ३५ परिवार यो कार्यमा सहभागी छन् । समूहलाई झापा, मोरङ र सुनसरीका क्षेत्रमा हुने धार्मिक समारोहमा संगिनी प्रस्तुत गर्न निमन्त्रणा आउन थालेको छ । समूहकी सचिव यशोदा पोखेलले समूहले संगिनी संरक्षणमा देखाएको कार्यको सबै क्षेत्रबाट प्रशंसा र सहयोग प्राप्त भइरहेको बताइन् ।

प्रशिक्षक ६८ वर्षीया नर्वदा खतिवडा मौलिक तथा परम्परागत नाचका रूपमा नाच्दै आएको संगिनी विस्तारै हराउँदै गएपछि यस्तो अभियान सञ्चालन गर्नुपरेको बताउँछिन् । समूहले नाच संरक्षणका लागि आमा पुस्ताबाट बुहारी र नातिनी पुस्तामा सिकाउने भनेपछि आफू पनि सिकेको सीप सिकाउन नियमित रूपमा समूहमा आउने गरेको उनले बताइन् । 'हराउँदै गएको मौलिक संस्कारसहितको परम्परागत संस्कृति नयाँ पुस्तामा हस्तातरण हुन जरूरी छ । यदि यसो नगर्ने हो भने यस्ता संस्कार र संस्कृति एकादेशको कथा हुनसक्छन् । त्यसैले मौलिक संस्कार बोकेका संगिनी र बालनलाई महिला जागरुक हरिकीर्तन तथा संगिनी समूहले जस्तै राज्यबाट आवश्यक सहयोग हुन आवश्यक छ,' खतिवडाको कथन छ । *रासस*

# मधेसका पर्यटकीय गन्तव्यमा 'पर्यटक प्रहरी' थपिँदै

**पर्सा (प्रस)–** मधेस-प्रदेशका पर्यटकीय गन्तव्यमा शान्तिसुरक्षाको सुव्यवस्था मिलाउन पर्यटक प्रहरी थपिने भएका छन् । विदेशी पर्यटकलाई सहजीकरण गर्न मधेस-प्रदेशका प्रमुख गन्तव्यमा पर्यटक प्रहरी थपको प्रक्रिया प्रारम्भ भएको छ ।

हाल जनकपुर र वीरगञ्जमा मात्र पर्यटक प्रहरीको व्यवस्था भएकामा अब ठोरी गाउँपालिकामा नयाँ एकाइ स्थापनाको प्रक्रिया प्रारम्भ गरिने भएको छ । उक्त पालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले पर्यटक प्रहरीका निम्ति आवश्यक भौतिक पूर्वाधार उपलब्ध गराउन आफ्नो पालिका तयार रहेको बताए ।

वीरगञ्ज होटल तथा पर्यटन व्यवसायी संघका अध्यक्ष हरि पन्तले पर्यटक प्रहरीको अभावमा मधेस घुम्न आउने विदेशी पर्यटकले सास्ती बेहोर्नुपरेकाले त्यसो हुन नदिन थप सुरक्षाकर्मी परिचालन गर्न स्थानीय प्रशासनसँग आफूहरूले अनुरोध गरेको बताए । 'यहाँका होटल व्यवसायीहरूले विभिन्न समयमा प्रहरीबाट अभद्र व्यवहारको सामना गर्दै आइरहेका छन्,' उनले भने, 'त्यस्ता गतिविधि हुन नदिन जरुरी भइसकेको छ ।'

मधेस प्रदेशका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक लालमणि आचार्यले मधेस प्रदेशमा पर्यटकीय क्षेत्रको सुरक्षाका लागि पर्याप्त सुरक्षाकर्मीलाई पर्यटक प्रहरीका रूपमा परिचालन गर्न सकिने बताए । मधेस प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री शकिल अलि मियाँले प्रदेश सरकार पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेर अघि बढेको बताए । वीरगञ्ज नाका हुँदै भारतीय पर्यटकहरू जनकपुर, गढिमाईलगायत यहाँका धार्मिकस्थलको भ्रमणमा जाने गरेका छन् ।

# आठ वर्षमा पनि बनेन् बेनी अस्पतालको भवन

**म्याग्दी–** तीन वर्षमा सम्पन्न गर्ने लक्ष्य रहेको बेनी अस्पतालको भवन निर्माण कार्य आठ वर्षसम्म पनि पूरा भएको छैन ।

पाँच वर्षअघि सकिनुपर्ने ५० शयचा क्षमताको भवनको हालसम्मको भौतिक प्रगति करिब ८० प्रतिशत छ । भवन निर्माणमा भएको ढिलासुस्तीका कारण बिरामीको उपचार प्रभावित भएको बेनी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र सुवेदीले बताए ।

'५० शयचा क्षमता भए पनि १५ शयचाको संरचना र पूर्वाधारबाट सेवा दिनुपर्ने बाध्यता छ,' उनले भने, 'अस्थायी, पुराना र साँघुरा भवनमा अस्पताल सञ्चालन गर्न समस्या भएको छ ।' म्याग्दीका साथै पर्वत, बागलुङ र मुस्ताङका सर्वसाधारणले सेवा लिने अस्पतालले सात वर्षयता अस्थायी संरचनाबाट सेवा सञ्चालन गर्दै आएको छ ।



सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङले २०७३ मंसिर २१ गते भवन निर्माणका लागि महादेव खिम्ती-गल्वा-रफिना जेभीसँग १८ करोड ८४ लाख आठ हजार रूपैयाँमा ठेक्का सम्झौता गरेको थियो । २४ करोड चार लाख २९ हजार रूपैयाँ लागत अनुमान गरिएको भवन २०७६ मंसिर २० गते निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता थियो ।

भवन निर्माणका लागि पाँच पटकसम्म म्याद थप भएको छ । चार हजार ९६३ वर्गमिटर क्षेत्रफलमा बनाउन लागिएको चार तले तीन वटा भवनको भित्री भाग प्लास्टर र रङरोगन गर्न, विद्युत्, पानी जडान गर्न, झ्यालढोका र टायल राख्न बाँकी छ । १५ शयचा क्षमताको अस्पताल २०७२ सालमा ५० शयचामा स्तरोन्नति भएको थियो ।

नयाँ भवन बनाउन अस्पतालको पुरानो भवन भत्काइएको थियो । बहिरंग कक्षको सेवा अस्थायी भवनबाट सञ्चालन गरिएको छ । आकस्मिक र अन्तरंग कक्ष पुरानो प्रशासनिक भवनबाट सञ्चालन गरिएको छ । स्वास्थ्य कार्यालयको भवनमा अस्पताल प्रशासन र व्यवस्थापन समितिको कार्यालय राखिएको छ ।

भवन अभावमा विशेषज्ञ चिकित्सक आउन नमान्ने, म्याग्दीले पाउनुपर्ने हब अस्पतालको कार्यक्रम अन्यत्र जिल्लामा गएको व्यवस्थापन समितिका अध्यक्ष सुवेदीले बताए । सघन उपचार कक्ष (आइसियू) र डायलाइसिस कक्ष पनि स्वास्थ्यकै भवनमा स्थापना भएको छ । पालिका, जिल्ला, प्रदेश र प्रतिनिधिसभाका जनप्रतिनिधिले सम्बद्ध आयोजना कार्यालय, सहरी विकास मन्त्रालय र प्रधानमन्त्री कार्यालयमा पटक-पटक ध्यानाकर्षण गराउँदै आए पनि अस्पतालको भवन निर्माणले गति लिएको छैन । *रासस*


## वैदेशिक रोजगार विभागको सार्वजनिक सूचना

*(प्रकाशित मिति २०८१/०८/३० गते)*

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त तपसिल वमोजिमका श्री NEW ALFA H.R.SERVICES PVT. LTD (ई.प.नं.१०९०/०७३/०७४) को सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा.नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग वमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम | शेयर सङ्ख्या | अव कायम हुने शेयरधनीहरूको नाम | शेयर सङ्ख्या |
|---|---|---|---|
| श्री मतिउल हक मुसलमान | ०१-४०० | श्री वैकुण्ठ प्रसाद पौडेल | ४०१-१०००० |
| श्री वैकुण्ठ प्रसाद पौडेल | ४०१-६८०० | श्री मतिउल हक मुसलमान | ०१-४०० |
| श्री श्याम कुमार विष्ट | ६८०१-१०००० | | |

## साउदीमा रोजगार

कम्पनी : MANSOOR AL RAJEH FOR GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८१/०८/१७ | LT. No. 315385 | चलानी नं. ६०२२९६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 4 | 0 | 1000 | ३६,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौस ८ गते (23th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DIKSHYA OVERSEAS PVT. LTD.
Gov Lic No: 1691/080/081
Airport Street, Sinamangal-9,- Kathmandu, phone: 1-5921232, 9709814454, Email: chiranjivee@dikshyaoverseas.com, Website : www.dikshyaoverseas.com

## साउदीमा रोजगार

कम्पनी : ASASAT AL-TUWAYA FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०८/२९ | LT. No. 315402 | चलानी नं. ६०२२९६८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 10 | 0 | 1000 | ३६,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL BLOUSHI GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/२९ | LT. No. 315403 | चलानी नं. ६०२२९६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Roof Cleaning Worker | 6 | 0 | 1000 | ३६,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ७ गते (22th Dec. 2024) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Reliance Recruitment Services Pvt. Ltd.
श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

## साउदीमा रोजगार

कम्पनी : Al Multaqa Apartments For Serviced

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२८ | LT. No. 310933 | चलानी नं. ६०२२५५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel House Keeper | 1 | 0 | 1200 | ४३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ७ गते (22nd Dec. 2024) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



WORKFORCE SERVICES PVT. LTD.
श्रम ईजाजत नं. १७२/०५६/५७
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

प्रभाव दैनिक




## दाङबाट 'कर्मा'को छायांकन सुरू

फिल्म 'कर्मा'को छायांकन सुरू भएको छ। दाङको घोराहीबाट शुक्रबारबाट फिल्मको छायांकन सुरू भएको हो। ४० दिन दाङ र ६ दिन रूकुममा छायांकन हुने फिल्मका निर्देशक सौरभ चौधरी हुन्। विपिन कार्की, उपासना सिंह ठकुरी, मुकुन भुसाल र दिव्यदेव लगायतको अभिनय रहने मुकुन भने नेगेटिभ क्यारेक्टरमा देखिने छन्। एक्सन ड्रामा जनरामा निर्माण हुने फिल्ममा विपिन पनि एक्सन अवतारमा देखिने बताइन्छ। आर्टिस्टिक इन्टरटेनमेन्टको प्रस्तुति रहने 'कर्मा'मा वसन्त लम्सालको लगानी छ। नयाँ वर्षको छेको पारेर आगामी चैत्रको २९ गते फिल्म प्रदर्शनमा आउने बताइन्छ।





# 'फिरफिरे फिरिरि' नयाँ पोस्टर रिलिज

■ प्रभाव संवाददाता

**काठमाडौं–** हरर कमेडी फिल्म 'फिरफिरे फिरिरि' को नयाँ पोस्टर सार्वजनिक गरिएको छ । नयाँ पोस्टरसँगै चलचित्रको नयाँ मिति सार्वजनिक गरिएको छ । चलचित्र माघ ४ गतेबाट प्रदर्शनमा आउनेछ।

बिन्दबासिनी क्रिएसनको ब्यानरमा निर्माण गरिएको फिल्म मनोजकुमार अधिकारीले निर्माण गरेका हुन्। नितिश पुन सहनिर्माता रहेका छन् । अधिकारीले यस अघि फिल्म 'नौ डाँडा पारी' र 'मंगलसूत्र' निर्माणसँगै अभिनय पनि गरेका थिए । पछिल्लो समय संसारभर हरर कमेडी फिल्मले राम्रो दर्शकको साथ पाईरहेको बेला अधिकारीले नेपाली हरर कमेडी फिल्म 'फिरफिरे फिरिरि' को निर्माण गरेका हुन् ।




फिल्ममा सन्दीप श्रेष्ठ र नवीन भट्टको लेखन रहेको छ। यसै फिल्मबाट सन्दीप श्रेष्ठ र भावना उप्रेतीले नेपाली रजतपटमा डेब्यु गर्दैछन्। चलचित्रलाई नवीन भट्टले निर्देशन गरेका छन्। उनको यो निर्देशनमा डेब्यु चलचित्र हो।

फिल्ममा मनोजकुमार अधिकारी, सन्दीप श्रेष्ठ, भावना उप्रेती, रबिना केसी, पुष्प अवस्थी, सूर्यमान लिम्बु लगायतका कलाकारको अभिनय रहेको छ । फिल्ममा जितु तामाङको छायाङ्कन, रोशन दास, प्रकाश दाहाल र अग्नि सुबेदीको सहायक निर्देशन, केशवराज भट्टको कोरियोग्राफी, एलिस कार्कीको ब्याकग्राउण्ड म्युजिक, प्रशान्त सिवाकोटीको संगीत, अमित श्रेष्ठको साउन्ड डिजाइन, अनन्त घिमिरेको सम्पादन तथा कलर संयोजन रहेको छ । फिल्मलाई देशभर आरआर फिल्म्सले वितरण गर्नेछ । फिल्मको डिजिटल अधिकार म्युजिक नेपालले लिएको छ ।

# विकासको 'बिटुजी सिद्धान्त' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म निर्देशक विकास घले गुरुङ लिखित नृत्य सम्बन्धी पुस्तक 'नृत्य तथा नाट्य अध्ययन' सार्वजनिक गरिएको छ। शुक्रबार नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानमा आयोजित एक कार्यक्रमका बिच नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राई, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमनि हार्तम्छाली, वरिष्ठ नृत्य विज्ञ भैरवबहादुर थापा, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भु राई, प्राज्ञ बखतबहादुर हमाल, नृत्य अनुसन्धानकर्ता भावना कार्की लगायतले पुस्तकको सामूहिक विमोचन गरे।

सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानबाटै प्रकाशित पुस्तक 'बिटुजी सिद्धान्त' प्रतिपादित रहेको छ । यो एकदमै व्यावसायिक नृत्यको सिद्धान्त हो । यसले नयाँ नृत्य निर्देशक यो क्षेत्रमा अगाडि बढ्न एकदमै सजिलो हुने कार्यक्रममा लेखक गुरुङले बताए ।

कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले नृत्य विधालाई प्राज्ञिक र शैक्षिक प्रणालीसँग जोडेर लैजान 'नृत्य तथा नाट्य अध्ययन' पुस्तकले भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

त्यस्तै नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमनि हार्तम्छालीले लेखकले नृत्यलाई ललतिकला विधासँग समेत जोडेर लेखेको भन्दै प्रशंसा गरे । नृत्य अभिव्यक्तिको कलात्मक भाषा भएको धारणा राखेका उनले नेपालको भूगोल, संस्कृति, ज्ञान र परम्परामा आधारित भई सैद्धान्तिककरण गरे मात्र नेपाली नृत्य शास्त्रले पूर्णता पाउने बताए ।

वरिष्ठ नृत्य विज्ञ भैरवबहादुर थापाले 'पुर्ख्यौली व्याकरण'लाई मात्र पछ्याएर किताब लेख्ने परम्पराबाट मुक्त हुन आवश्यक रहेको भन्दै लेखक गुरुङले 'बिटुजी' नृत्य विधि अघि सारेर आफ्नो 'इथिक्स' सहित पुस्तक लेखेकोमा प्रशंसा गरे ।

नृत्य अध्येता एवम् अनुसन्धाता भावना कार्कीले विश्वविद्यालय तहमा रहेको नृत्यसम्बन्धी पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको अभावलाई गुरुङकृत पुस्तकले थोरै भए पनि पूर्ति गर्ने भन्दै नयाँ नृत्य निर्देशकहरूलाई नृत्यको आधारभूत र सैद्धान्तिक ज्ञान पनि दिने बताए ।

प्रज्ञा–प्रतिष्ठानका नृत्य विभाग प्रमुख बखतबहादुर हमालले नृत्य विधा समग्र संस्कृति अभिव्यक्त हुने 'सम्पूर्ण' माध्यम भएको दाबी गर्नु हुँदै नेपाली नृत्य क्षेत्रमा प्रस्तुत पुस्तकले नयाँ इँटा थप्ने विश्वास व्यक्त गरे ।

# 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स' दोस्रो शृंखलाको निर्णायक घोषणा

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपालमा अहिलेसम्मकै सर्वाधिक धनराशिको पुरस्कार राखिएको गायन प्रतियोगिता 'मेरो भ्वाइस युनिभर्स' र नृत्यतर्फको 'मेरो डान्स युनिभर्स' को दोस्रो शृंखलाको कार्यक्रम प्रस्तोता र निर्णायक मण्डल घोषणा गरिएको छ ।

शनिबार काठमाडौंस्थित हिल्टन होटलमा आयोजित पत्रकार सम्मेलनमा आयोजक संस्था इन्ट्रा नेपाल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिकाका अध्यक्ष डिल्ली अधिकारीले विश्वभर छरिएर रहेका नेपालीबीच आपसी सद्भावलाई कायमै राख्न र नेपाली भाषा र संस्कृतिलाई उनीहरूमाझ जीवन्त राखिराख्न सघाउने उद्देश्यले यो गायन र नृत्य प्रतियोगिताको आयोजना गरिएको बताए ।

अध्यक्ष अधिकारीले भने, 'यो कार्यक्रममार्फत नेपाली कला, संस्कृति र भाषालाई प्रवर्द्धन गर्न खोजेका हौं। हामीले सोही कारण नेपाली संस्कृति र कला झल्किने प्रस्तुतिलाई अनिवार्य गरेका छौं। यसपटक अघिल्लो शृंखलाको तुलनामा यो झनै भव्य हुनेछ।' उनले विश्वभर रहेका नेपालीलाई नेपालीत्व झल्किने प्रस्तुतिलाई समेट्नेबाहेक अन्य कडाइ गर्ने नियम नभएको जानकारी दिँदै नेपालसहित विदेशमा रहेका नेपालीका सहरमा अडिसन हुने जानकारी दिए ।

'हामीले नेपाली भाषा र कलाप्रति प्रवासमा रहेका नयाँ पुस्तालाई आकर्षित गर्न र आफ्नो देश फर्काउन यो कार्यक्रम गरिरहेका छौं । किनकि हामीले सहयोग विपन्न प्रतियोगीलाई सहयोग गरेर नै प्रतियोगितामा सहभागी गराउने गरेका छौं', अध्यक्ष अधिकारीले भने ।

दुवै प्रतियोगिताका विजेताले जनही एक करोड, उपविजेताले २० लाख र दोस्रोले १० लाख रूपैयाँसँगै अरू विभिन्न पुरस्कार प्राप्त गर्ने बताए। आयोजित कार्यक्रममा 'मेरो भ्वाइस युनिभर्स' मा गायक दीप श्रेष्ठ, सङ्गीतकार सुरेश अधिकारी, गायिका अञ्जु पन्त, तृष्णा गुरूङ, गायक पुष्पन प्रधानले निर्णायकको भूमिका निर्वाह गर्ने जानकारी गराइयो।

यस्तै, 'मेरो डान्स युनिभर्स' मा निर्णायकका रूपमा अभिनेत्री मिथिला शर्मा, अभिनेता दिलीप रायमाझी, नृत्य निर्देशक शंकर विसी, किरण थापा र अभिनेत्री शिल्पा मास्के छन्। यस्तै, कार्यक्रम सञ्चालकका रूपमा सञ्चारकर्मी नरेश भट्टराई, अभिनेत्री रीमा विश्वकर्मा, कमेडियन राजा राजेन्द्र पोखरेल, पूर्वमिस नेपाल नम्रता श्रेष्ठ छन्।

आयोजित पत्रकार सम्मेलनमा 'मेरो भ्वाइस युनिभर्स' लाई सुरेश पौडेल र 'मेरो डान्स युनिभर्स' लाई मोसमी गुरूङले निर्देशन गर्ने जानकारी गराइयो। नेपाल टेलिभिजनमार्फत प्रशारण हुने दुवै प्रतियोगिताको अडिसन आउँदो माघदेखि सुरू हुनेछ। अमेरिका र क्यानडाका लागि माघ १२ र १३ अमेरिकास्थित कोलम्बस ओहायो, फागुन ३ र ४ मा बेलायतको लण्डन, पोर्चुगलको लिस्बन, हङकङ र जापानको टोकियोमा अडिसन हुनेछ। यस्तै, फागुन १० र ११ मा युएईको दुबई, कतारको दोहा, थाइल्याण्डको बैङ्कक, अस्ट्रेलियाको सिड्नी र नेपालको कास्कीस्थित पोखरामा अडिसन हुँदैछ।

यस्तै, फागुन १७ र १८ मा भारतको मुम्बई नेपालगञ्ज, फागुन २४ र २५ मा भारतको सिलिगुरी, चैत २ र ३ मा झापाको दमक र चैत १६ र १७ मा काठमाडौंमा अडिसन हुँदैछ। निर्णायकमध्येकी एक अभिनेत्री मिथिला शर्माले यस प्रतियोगिताले प्रतिभालाई मञ्च दिएको बताए। उनले भने, 'यो प्रतियोगिताको उद्देश्य मनोरञ्जनमै मात्र सीमित छैन। यसले कला र संस्कृतिको प्रवर्द्धनसँगै विश्वभर छरिएका प्रतिभाको सपना साकार बनाउने काम गर्दैछ। म यो परिवारमा निर्णायक भएर जोडिन पाउँदा निकै उत्साहित छु।' आयोजित कार्यक्रममा नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान वल, अभिनेत्री केकी अधिकारी, पल्पसा डङ्गोल, निर्देशक पुर्नेन्दु झालगायते उपस्थित थिए।



एनपिएल क्रिकेट

# जनकपुरविरुद्ध चितवनको शानदार जित

## आज विराटनगर र काठमाडौं तथा पोखरा र सुदूरपश्चिम भिड्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत शनिबार भएको दोस्रो खेलमा चितवन राइनोजले जनकपुर बोल्ट्सलाई ३२ रनले पराजित गर्दै प्लेअफमा पुग्ने सम्भावना बलियो बनाएको छ । चितवनले जनकपुरविरुद्ध जित हात पारेसँगै प्रतियोगिताबाट विराटनगर किंग्स् र पोखरा एभेन्जर्सको अर्को चरणमा प्रवेश गर्ने सम्भावना सकिएको छ ।

सात खेल खेलेको जनकपुर बोल्ट्स तालिकामा १० अंकसहित शीर्ष स्थानमा छ। जनकपुर यसअघि नै प्लेअफमा पुगिसकेको छ । शनिबारको जितपछि चितवनले सात खेलमा आठ अंक बटुलेको छ। चितवनसँगै पाँच खेल खेलेको सुदूरपश्चिम रोयल्स र छवटा खेल खेलेको कर्णाली याक्ससँग पनि समान आठ अंक छ।

आइतबार हुने काठमाडौं गुर्खाज र बिराटनगर किंग्सबीचको खेलपछि शीर्ष चार टोलीको टुङ्गो लाग्नेछ । उक्त खेलमा काठमाडौं गुर्खाज विजयी भए उसको पनि आठ अंक हुनेछ । यस आधारमा शीर्ष चारमा पर्ने टोलीको टुंगो रनरेटका आधारमा हुनेछ । जारी प्रतियोगिताबाट लुम्बिनी लायन्स यसअघि नै बाहिरिएको छ भने शनिबारको खेलपछि विराटनगर किंग्स र पोखरा एभेन्जर्स पनि प्रतियोगिताबाट बाहिरिएका छन् ।




खेलमा एक सय ८१ रनको लक्ष्य पछ्याएको जनकपुर १८ ओभरमा सबै विकेट गुमाउँदै एक सय ४८ रनमा समेटियो । उसका लागि जिमी निशमले २७० दशमलव ८३ को स्ट्राइक रेटमा ६५ रन बनाए पनि जितका लागि पर्याप्त भएन। उनले २४ बल खेल्ने क्रममा पाँच चौका र छ छक्का प्रहार गरे। साथै आसिफ शेखले २३, शुभ कड्साकारले १५ र मोहम्मद मोहसिनले १३ रन बनाए । त्यसबाहेक अन्य ब्याटरले उल्लेख्य रन बनाउन सकेनन् । चितवनको जितमा रिजन ढकाल, सोहिल तनवीर र कुशल मल्लले समान दुई/दुई विकेट लिए भने अमर रौतेलाले एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा पाँच विकेटको क्षतिमा एक सय ८० रनको योगफल बनाएको थियो ।

उसका लागि कप्तान कुशल मल्लले अर्धशतकीय पारी खेले । उनले ४१ बल सामना गर्ने क्रममा तीन चौका र सात छक्का प्रहार गर्दै ७२ रनको योगदान दिए। रबि बोपाराले ३२ बल खेल्दै पाँच चौका र एक छक्काको मद्दतमा ४४ रन बनाए। साथै हसन इसाखिलले २८, सन्तोष कार्कीले १४ रनको योगदान दिए । जनकपुरका लागि ललित राजवंशीले दुई विकेट लिए भने हर्ष थाकर, मोहम्मद मोहसिन र जेम्स निसमले एक/एक विकेट लिए ।

### काठमाडौं गुर्खाज विजयी

नेपाल प्रिमियर लिग (एनपिएल)को शनिबारको पहिलो खेलमा काठमाडौं गुर्खाजले पोखरा एभेन्जर्सलाई छ विकेटले पराजित गरेको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा पोखराले दिएको एक सय ३९ रनको लक्ष्य काठमाडौंले १४ दशमलव एक ओभरमा चार विकेटको क्षतिमा पूरा गर्‍यो । यो जितसँगै काठमाडौं गुर्खाज प्लेअफ नजिक पुगेको छ ।

काठमाडौंको जितमा स्टेफन स्किनाजीले अर्धशतकीय पारी खेले । उनले उनले ३४ बल खेल्ने क्रममा १० चौकासहित ६० रनको योगदान दिए । त्यसबाहेक माइकल लेभिटले ३२, गेर्हार्ड एरासमुसले अविजित २५ र भीम सार्कीले २२ रनको योगदान दिए । पोखराका लागि विपीन खत्रीले तीन विकेट लिए भने मिचेल लेस्कीले एक विकेट हात पारे ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको पोखराले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा एक सय ३८ रन बनाएको थियो । उसका लागि रेमन रेफरले ३० बलमा तीन छक्का र एक चौकाको मद्दतले ४१ रन बनाए ।

साथै दिनेश खरेलले ३८ र दिलीप नाथले २७ रन बाहेक अन्य खेलाडीले दोहोरो अङ्कको रन जोड्न सकेनन् । गोमेलले आठ, कप्तान कुशल भुर्तेलले सात, विपीन खत्रीले चार, सागर ढकाल र माइकल लीस्कले समान एक/एक रन जोडे ।

पोखरालाई मध्यमक्रममा समेट्ने क्रममा काठमाडौंका लागि कप्तान करण केसी र रासिद खानले समान तीन/तीन विकेट लिए । यस्तै, गेर्हार्ड इरास्मस र माइकल लेविटले एक/एक विकेट लिए ।

त्यस्तै आइतबार प्रतियोगिताका दुई खेल हुँदैछन्। पहिलो खेल विराटनगर किंग्स् र काठमाडौं गुर्खाज्बीच हुँदैछ। त्यस्तै दोस्रो खेलमा पोखरा एभेन्जर्स र सुदूरपश्चिम रोयल्सबीच खेल हुँदैछ । प्रतियोगिताबाट पोखरा र विराटनगर बाहिरिइसकेको छ ।

# मनकामना–गोरखकाली म्याराथनको उपाधि रावतलाई



■ प्रभाव संवाददाता

**गोरखा–** गोरखाको प्रसिद्ध धार्मिकस्थल मनकामना मन्दिरदेखि गोरखकाली मन्दिरसम्मको म्याराथन दौड प्रतियोगिताको उपाधि नेपाली सेनाका करन रावतले जितेका छन्। शनिबार सम्पन्न प्रतियोगितामा निर्धारित ४२ किलोमिटर एक सय ९५ मिटर दूरी उनले दुई घण्टा ३६ मिनेट ७ सेकेण्डमा पूरा गर्दै पहिलो हुन सफल भएका हुन्।

उपाधि विजेता रावतले रु एक लाख ५० हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्। यस्तै प्रतियोगितामा नेपाली सेनाकै हेमलाल श्रेष्ठले निर्धारित दूरी दुई घण्टा ४० मिनेट ४४ सेकेण्डमा पूरा गरेर दोस्रो भएका छन्। उनले एक लाखसहित मेडल र प्रमाणपत्र प्राप्त गरेको आयोजक जिल्ला खेलकुद विकास समिति गोरखाका अध्यक्ष शान्तासिंह बस्नेतले जानकारी दिए।

प्रतियोगितामा नेपाली सेनाका गजेन्द्र राई तेस्रो भएका छन्। उनले निर्धारित दूरी दुई घण्टा ४४ मिनेट ६ सेकेण्डमा पूरा गर्दै रु ७५ हजारसहित मेडल र प्रमाणपत्र हात पार्न सफल भएका छन्। खेलकुदको माध्यमबाट गोरखाको पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने उद्देश्यसहित जिल्ला खेलकुद विकास समितिले दुईवटा धार्मिकस्थललाई जोडेर म्याराथन दौड प्रतियोगिता आयोजना गरिएको हो।

प्रतियोगितामा एक सय ५ जना खेलाडीको सहभागिता रहेको थियो। सहिद लखन गाउँपालिकास्थित मनकामना मन्दिर परिषरबाट सुरु भएको प्रतियोगिता माथिल्लो गोरखा दरबारस्थित गोरखकाली मन्दिरमा आएर टुङ्गिएको थियो। प्रतियोगितामा सहभागी धावकमध्ये उत्कृष्ट १० जनालाई पुरस्कृत गरिएको अध्यक्ष बस्नेतले बताए।

गोरखा घर भएका नेपालका म्याराथन खेलाडी टीका बोगटीको प्राविधिक सहयोगमा प्रतियोगिता सञ्चालन गरिएको हो। प्रतियोगितामा निर्धारित दूरी पार गर्न सफल सबैभन्दा कम १४ वर्ष उमेरका वेन्जन बस्नेत र गोर्खाली धावक अविनाश देवकोटालाई जनही रु १२ हजार नगद पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ।

# अफ्रिकाका १५ करोड मानिस 'चरम गरिबी'मा : डब्ल्युएचओ

**नैरोबी–** अत्यधिक चिकित्सा खर्चले अफ्रिकाका १५ करोडभन्दा बढी मानिसलाई गरिबीमा धकेल्दै गुणस्तरीय र उत्पादनशील जीवनलाई वञ्चित गरेको विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) ले जनाएको छ। बिहीबार विश्वव्यापी स्वास्थ्य कभरेज दिवसको अवसरमा सार्वजनिक गरेको 'ट्र्याकिङ फाइनान्सियल प्रोटेक्सन' प्रतिवेदनमा डब्ल्युएचओले उक्त तथ्यांक उल्लेख गरेको छ।




अफ्रिकाका लागि डब्ल्युएचओ क्षेत्रीय निर्देशक मात्शिडिसो मोएतीले भने, 'आवश्यक औषधि र अन्य स्वास्थ्य खर्च महाद्वीपका कमजोर नागरिकहरूका लागि आर्थिक कठिनाइ र खराब स्वास्थ्य अवस्था निम्त्याउन सक्छ। यस्ता भुक्तानीहरूले धेरै मानिसहरूलाई खाना, आवास र उपयोगिताहरू जस्ता अन्य आधारभूत आवश्यकताहरूमा कम खर्च गर्न बाध्य पार्छ, जसले उनीहरूको अवस्था बिग्रन सक्छ।'

सन् २००० र सन् २०१९ बीचको अवधिमा आफ्नो घरायसी बजेटको १० प्रतिशतभन्दा बढी औषधि र अन्य स्वास्थ्य सेवामा खर्च गर्नेको संख्या वार्षिक २५ लाखले बढेको जनाइएको छ। प्रतिवेदनका अनुसार उच्च स्वास्थ्य खर्चमा विश्वभरका गरिबमध्ये आधा अफ्रिकामा बसोबास गर्छन्। अत्यधिक खर्चले अफ्रिकी नागरिकहरूलाई खाद्यान्न, कपडा र आश्रयजस्ता आधारभूत आवश्यकताहरूमा खर्च घटाउन बाध्य तुल्याउनसक्ने प्रतिवेदनले जनाएको छ। यसले धेरै अफ्रिकी देशहरूले अत्यधिक स्वास्थ्य खर्चको बोझलाई सम्बोधन गर्न बलियो नीति र विधायी ढाँचाहरू अपनाएका छन्। *रासस/सिन्ह्वा*



**दक्षिण कोरियाली राष्ट्रपति युन सुक येओललाई हटाउने महाभियोग प्रस्ताव शनिबार राष्ट्रियसभाबाट पारित भएपछि सियोलस्थित राष्ट्रियसभा बाहिर उक्त निर्णयको समर्थनमा आयोजित प्रदर्शनमा सहभागीहरू।** *तस्बिरः एएफपी*

# दक्षिण कोरियाका राष्ट्रपति युन महाभियोगपछि पदबाट निलम्बित

**सियोल–** दक्षिण कोरियाको संसद्ले शनिबार राष्ट्रपति युन सुक योलमाथि लगाइएको महाभियोग प्रस्ताव शनिबार पारित गरेको छ। महाभियोग प्रस्ताव पारित भएपछि विपक्षीले 'जनताको विजय' भएको घोषणा गरेका छन्।

डिसेम्बर ३ मा सैनिक शासन लागू गर्ने युनको असफल प्रयासपछि दक्षिण कोरियामा एक हप्ताभन्दा बढी तीव्र राजनीतिक तनाव निम्त्याएको थियो। राष्ट्रपतिविरूद्धको महाभियोग प्रस्ताव संसद्बाट पारित भएसँगै सोलको सडकमा शनिबार युनको पक्ष र विपक्षमा हजारौंको संख्यामा र्‍याली निकालिएको थियो। मतदानपछि टेलिभिजनमा सम्बोधन गर्दै महाभियोग लागेका युनले आफू 'पदबाट हट्ने' तर सैनिक शासन लागू गर्ने असफल प्रयासका लागि माफी नमागेको बताएका छन्।

कूल ३०० संसद् सदस्य रहेको कोरियाली संसद्मा २०४ सांसदले विद्रोहको आरोपमा राष्ट्रपतिविरुद्ध महाभियोग लगाउने पक्षमा मतदान गरेका छन् भने ८५ जनाले विपक्षमा मतदान गरेका छन्। मतदानमा तीन सांसद अनुपस्थित रहेका र आठ मत बदर भएको छ।

महाभियोगसँगै युनलाई पदबाट निलम्बित गरिएको छ भने दक्षिण कोरियाको संवैधानिक अदालतले मतदानपछिको अवस्थाबारे छलफल सुरू गरेको छ। अदालतलाई युनको भविष्यबारे फैसला गर्न १८० दिनको समय दिइएको छ। यदि उनलाई पदबाट हटाइयो भने युन दक्षिण कोरियाको इतिहासमा सफलतापूर्वक महाभियोग लगाइने दोस्रो राष्ट्रपति बन्ने छन्।




**कोरियाको राष्ट्रियसभाका सभामुख वू वोन शिक राष्ट्रपति युन सुक योलविरुद्धको महाअभियोग प्रस्तावबारे निर्णय सुनाउँदै (बाँया), संसद् महाअभियोग प्रस्तावको फैसला लिन गरिएको मतदानमा सहभागी सांसदहरू र संसद्मा आफ्नो भनाइ राख्दै राष्ट्रपति युन।** *तस्बिरः एएफपी*

प्रधानमन्त्री हान डक सोले राष्ट्रपतिविरूद्धको महाभियोग प्रस्ताव पारित भएसँगै पत्रकारसँगको कुराकानीमा भने, 'दक्षिण कोरियाली प्रधानमन्त्रीको रूपमा मेरो सम्पूर्ण शक्ति र प्रयास स्थिर शासन सुनिश्चित गर्न समर्पित हुने छ।'

महाभियोग पारित हुन २०० मत आवश्यक थियो र विपक्षी सांसदहरूले युनको कञ्जरभेटिभ पिपुल पावर पार्टी (पिपिपी) का कम्तीमा आठ जना सांसदलाई दल बदल्न राजी गराउन आवश्यक थियो। 'आजको महाभियोग जनताको ठूलो जित हो,' विपक्षी डेमोक्र्याटिक पार्टीका नेता पार्क चान-डेले मतदानपछि भने।' उनले अबको १८० दिनभित्र आउने अदालतको फैसलाले कोरियाली जनतालाई प्रजातन्त्र र स्वतन्त्रताप्रतिको आत्मसम्मानलाई प्रकट गर्ने बताए। *रासस/एएफपी*

# थाइल्याण्डको ताक प्रान्तमा बम विष्फोट, तीन जनाको मृत्यु, ३९ घाइते

**बैंकक–** थाइल्याण्डको ताक प्रान्तमा वार्षिक उत्सवको क्रममा बम विष्फोट हुँदा तीन जनाको मृत्यु हुनुका साथै अन्य ३९ जना घाइते भएका छन्। प्रधानमन्त्री पटोंगटार सिनावात्राले शुक्रबार मध्यरातमा भएको विष्फोटमा मृतक र घाइतेहरूको परिवारप्रति सामाजिक सञ्जाल पोस्टमार्फत गहिरो समवेदना व्यक्त गरे।

पाइतोङटार्नले प्रहरी र सुरक्षा निकायलाई घटनाको तुरुन्त अनुसन्धान गर्न, दोषीलाई पक्राउ गरी कानुनी कठघरामा ल्याउन र सार्वजनिक सुरक्षा सुनिश्चित गर्न आगामी सबै चाडपर्वहरूमा सुरक्षा उपायहरू बढाउन निर्देशन दिए। *रासस/सिन्ह्वा*

# 'पिआइए'ले सात वर्षको निलम्बनपछि अमेरिका उडान सञ्चालन गर्ने

**इस्लामाबाद–** पाकिस्तान इन्टरनेसनल एयरलाइन्स (पिआइए) ले सात वर्षको निलम्बनपछि संयुक्त राज्य अमेरिकामा उडान सञ्चालन गर्ने भएको छ। यो देशको उड्डयन क्षेत्रका लागि महत्त्वपूर्ण विकास भएको एआरवाई न्युजले जनाएको छ।

अमेरिकी संघीय उड्डयन प्रशासन (एफएए) बीच विचाराधीन वित्तीय दायित्वहरू समाधान गर्न समझदारी पत्र (एमओयू) मा हस्ताक्षर भएको छ। पाकिस्तान नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक नादिर शफी दारका अनुसार एफएएलाई भुक्तान छिट्टै हुने अपेक्षा गरिएको छ। एफएए प्रतिनिधिमण्डललाई फेब्रुअरी वा मार्चमा पाकिस्तान भ्रमण गर्ने मार्गप्रशस्त हुने छ।

एआरवाई न्युजका अनुसार यसले पाकिस्तानलाई एफएएसँग 'श्रेणी एक' स्थितिमा पुनः वर्गीकृत गर्ने सम्भावना बढाउँछ, जसले अमेरिकाका लागि सीधा उडानहरू पुनः सुरु गर्न अनुमति दिन्छ।

पिआइएको संयुक्त राज्यका उडानहरू सन् २०१७ मा निलम्बन गरिएको थियो। सरकारले तीनवटा विद्युत् वितरण कम्पनीसहित पिआइएको निजीकरण वर्षको अन्त्यसम्ममा सम्पन्न गर्ने योजना रहेको बताए। प्रारम्भमा अक्टोबर १ सम्ममा टुंग्याउने गरी निजीकरण प्रक्रिया चलिरहेको नागरिक उड्डयनले जनाएको छ। *रासस/एएनआई*

# अमेरिकी विदेशमन्त्री र इराकी प्रधानमन्त्रीबीच भेट



**वासिङ्टन–** मध्य पूर्वको भ्रमणमा रहेका अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले शुक्रबार बगदादमा इराकी प्रधानमन्त्री मोहम्मद शिया अल-सुदानीसँग भेट गरेका छन्। विदेशमन्त्रीले इराकको सुरक्षा, स्थिरता र सार्वभौमसत्ताप्रति अमेरिकाको प्रतिबद्धतालाई जोड दिए। 'इराकी प्रधानमन्त्री सुडानी र मैले सिरियाको पछिल्लो घटनाक्रमबारे छलफल गर्न भेटचौं। मैले इराकको सुरक्षा, स्थिरता र सार्वभौमिकताप्रतिको हाम्रो प्रतिबद्धतालाई जोड दिएँ,' ब्लिन्केनले सामाजिक सञ्जाल ट्वीटरमा उल्लेख गरेका छन्।

अल जजिराका अनुसार ब्लिन्केन र अल-सुदानीले सिरियाको तानाशाहीबाट प्रजातन्त्रमा परिवर्तनको आवश्यकतालाई समावेशी र सबै अल्पसंख्यकहरूको सुरक्षाका लागि छलफल गरे। सिरियाका नवनियुक्त प्रधानमन्त्री मोहम्मद अल-बसिरले विदेशमा रहेका सिरियाली शरणार्थीहरूलाई स्वदेश फिर्ता गर्ने कुरालाई आफ्नो प्रमुख लक्ष्यका रूपमा लिएका छन्। अल-बशीरले देशमा स्थायित्व पुनःस्थापना गर्ने प्रयासहरूको एक भागको रूपमा विदेशमा रहेका लाखौं सिरियाली शरणार्थीहरूलाई स्वदेश फर्काउने लक्ष्य राखेका छन्। *रासस/एएनआई*

# श्रीलंकाको लगभग २५ प्रतिशत बिजुली 'पिपिपी परियोजना'हरु मार्फत उत्पादन

**कोलम्बो–** श्रीलंकाले सन् १९९० देखि सन् २०२३ सम्म ५.३ अर्ब अमेरिकी डलरभन्दा बढी मूल्यका १७९ आर्थिक रूपमा बन्द सार्वजनिक-निजी साझेदारी (पिपिपी) परियोजनाहरू कार्यान्वयन गरेको छ। एसियाली विकास बैंक (एडिबी) को पछिल्लो प्रकाशन प्रतिवेदनमा यी परियोजनाहरूमध्ये अधिकांश विद्युत् र बन्दरगाह क्षेत्रमा केन्द्रित रहेका उल्लेख गरिएको छ।

कूल १६२ आयोजना विद्युत्सँग सम्बन्धित थिए भने पाँचवटा बन्दरगाहमा केन्द्रित थिए, जुन निजी क्षेत्रको सहभागिताका लागि प्रमुख क्षेत्र बनेका छन्। एडिबीका अनुसार, पिपिपीले बन्दरगाह सञ्चालनको गुणस्तर र दक्षता वृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। पिपिपीमार्फत विकसित टर्मिनलहरूले अहिले देशको पोर्टको लगभग ७० प्रतिशत कार्य गरिरहेको छ। श्रीलंकाको लगभग २५ प्रतिशत बिजुली हाल पिपिपी



परियोजनाहरूमार्फत उत्पादन गरिन्छ। एडिबीले श्रीलंकामा आर्थिकरूपमा बन्द भएका पिपिपी परियोजनाहरूमध्ये अधिकांश सक्रिय रहेको र तीनवटा मात्र परियोजनाहरू रद्द भएको देखाएको छ। *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५३००० | प्रति तोला – ० | प्रति तोला – १८६० |



**पर्यटकको पर्खाइमा पोखरा** | पर्यटकीय राजधानी पोखराको लेखनाथस्थित बेगनास तालमा पर्यटकको पर्खाइमा डुंगा व्यवसायीहरू ।

*तस्बिर: ऋषिराम बराल/रासस*

# 'अस्थिर राजनीतिको असर अर्थतन्त्रमा देखियो'

■ प्रभाव संवाददाता



**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले अस्थिर राजनीतिको असर मुलुकको अर्थतन्त्रमा देखिएको बताएका छन् ।

नेपाल आर्थिक पत्रकार संघ (नाफिज) को शनिबार आयोजित १५औं वार्षिक साधारणसभामा उनले अस्थिर राजनीतिको प्रतिच्छायाले अर्थतन्त्र ओझेलमा परेको बताए ।

सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्रीले समृद्धिलाई प्राथमिकतामा राखेर काम गरिरहेको उल्लेख गर्दै राजस्व संकलन र खर्च प्रणालीमा समस्या देखिएकाले सोको समाधानका लागि सरकारको ध्यान केन्द्रित रहेको बताए ।

'राजस्व लक्ष्यअनुसार संकलन हुन सकेको छैन । भन्सारमा आधारित राजस्व प्रणाली रहेकाले मागमा कमी आउँदा संकलन घट्नुका साथै पुँजीगत खर्च पनि कमजोर भएको छ', उनले भने । खर्च प्रणालीलाई व्यवस्थित र सहज बनाउन सार्वजनिक खरिद ऐन संशोधनका लागि प्रयास भइरहेको सञ्चारमन्त्रीले बताए । दूध र उखु किसानलाई सरकारले यथाशीघ्र भुक्तानी दिने उनले जानकारी दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले लगानीकर्ताको मनोबल बढाउन सरकारस्तरमा भएका प्रयासको सरहाना गर्दै निजी क्षेत्रले पनि सरकारसँग साझेदारी गर्ने बताए । उनले उद्योगी-व्यवसायी बैंकको ऋण तिर्न नसकेर कालोसूचीमा पर्ने स्थिति उत्पन्न हुन नदिन सरकारले बनाएका नीति प्रभावकारी कार्यान्वयन गर्न सबै पक्ष र सरोकार भएका निकाय जिम्मेवार हुनुपर्नेमा जोड दिए ।

'सरकारले नीति ल्याएर मात्र हुँदैन । सो प्रभावकारी कार्यान्वयन गर्न सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्दछ । अर्थमन्त्रालय तथा सरोकार भएका निकायबीच समन्वय आवश्यक छ', उनले भने । निर्माण व्यवसायीले पाउनुपर्ने भुक्तानी सरकारले रोक्न नहुनेमा उनले जोड दिए ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले सरकारका नीतिहरूलाई स्थिरता प्रदान गरी लगानी र व्यवसायका समस्या समाधान गर्नुपर्नेमा जोड दिए । अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न निजी क्षेत्रले सरकारलाई आवश्यक सहयोग र समन्वय गर्ने उनले बताए ।

# भुक्तानी नपाएकोमा सरकारसँग निर्माण व्यवसायीको आक्रोश

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले निर्माण व्यवसायीहरूको रकम भुक्तानी गर्न सरकारले ध्यान नदिएको बताएका छन् ।

नेपाल आर्थिक पत्रकार संघ (नाफिज) को १५ औं वार्षिक साधारण सभा एवम् सातौं महासभामा बोल्दै अध्यक्ष सिंहले अर्थमन्त्रीले निर्माण व्यवसायीहरूले भुक्तानीको लागि कुनै समस्या नहुने बताए पनि सरकारले यस क्षेत्रलाई समस्यामा पार्न खोजेको बताएका हुन् । उनले नेपाली नागरिकले विदेशी मुलुकमा गएर रेमिटेन्स मार्फत अर्थतन्त्र चलायमान गराउने प्रयास गर्दा पनि आन्तरिक अर्थतन्त्र अझै पनि चलायमान हुन नसकेको बताए ।

उनले भने, 'हामीले हाम्रो समस्याको बारेमा मन्त्रालयदेखि अन्य सरकारी निकायहरूमा भेटघाट गर्दा समस्याहरूको समाधान गर्ने आश्वासन दिए पनि हाम्रो भुक्तानी भएको छैन यसमा सरकारले तत्काल ध्यान दिन आवश्यक छ ।' अध्यक्ष सिंहले सञ्चारकर्मीहरूलाई प्रेरित गर्न आवश्यक रहेकाले महासङ्घले समेत विभिन्न समयमा संञ्चारकर्मीहरूलाई सम्मान गर्दै आएको बताए ।

उनले राष्ट्र बैंकको मौद्रिक नीतिले मुलुकको अर्थतन्त्र चलायमान बनाउने काम नगरेको दाबी गरे । उनले निर्माण व्यवसायीहरूले समयमा नै कर्जाहरू तिर्न नसक्दा प्रायाप्त मात्रामा काम गर्नको लागि असहज भएको बताए ।

उनले सरकारको नीतिहरूका कारण मङ्सिरपछि ९० प्रतिशत व्यवसायीहरू पलायन हुनुपर्ने बाध्यता आएको बताउँदै तत्काल भुक्तानी गर्न माग गरे ।

# नाफिजमा नयाँ नेतृत्व

**काठमाडौं (प्रस)–** नेपाल आर्थिक पत्रकार संघ (नाफिज) मा नयाँ कार्यसमिति चयन भएको छ । शनिबार भएको अधिवेशनबाट मेनुका कार्कीको नेतृत्वमा नाफिजको १० सदस्यीय कार्यसमिति निर्वाचित गरिएको हो ।

त्यस्तै उपाध्यक्षमा प्रमिला खतिवडा (पिताम्बरी) र निरोजकुमार थापा निर्वाचित भएका छन् । त्यस्तै महासचिवमा निकेश खत्री निर्वाचित भएका छन् । त्यस्तै सचिवमा राजाराम न्यौपाने, कोषाध्यक्षमा मिलन विश्वकर्मा र सदस्यहरूमा अनिश मिजार, अनुप आचार्य, सीआर भण्डारी र शुक्र गिरी निर्वाचित भएका छन् ।

# मुस्ताङमा आलु 'जोन'



■ प्रभाव संवाददाता

**म्याग्दी–** मुस्ताङका पाँच स्थानीय तहमा चालु आर्थिक वर्षदेखि आलुको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) सञ्चालन गरिएको छ । व्यावसायिक आलुखेती विस्तार, गुणस्तर सुधार, उत्पादन वृद्धि र बजारीकरणमा सघाउने उद्देश्यले जोन कार्यक्रम सञ्चालन गरिएको हो ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत यसअघि मुस्ताङमा स्याउ र च्याङ्ग्रा जोन कार्यक्रम सञ्चालन हुँदै आएको छ । म्याग्दी र मुस्ताङ कार्यक्षेत्र भएको परियोजनाको जोमसोमस्थित कार्यालयका प्रमुख भरतराज गौतमले आलु जोन कार्यक्रममा ७१ कृषि फार्म, समूह र सरकारी सूचीकृत भएका जानकारी दिए ।

कार्यक्रममार्फत आलुखेती गर्ने कृषकलाई मल, बीउ खरिद, साना सिँचाइ निर्माण, भण्डारण, बजारीकरणलगायत कामका लागि ५० देखि ८५ प्रतिशतसम्म अनुदान दिइने उनले बताए । आलु जोन कार्यक्रमका लागि चालु आवमा रु एक करोड १७ लाख बजेट प्राप्त भएको गौतमले जानकारी दिए ।

पाँच सय हेक्टर क्षेत्रफलमा आलु खेती गरेका कृषकहरूलाई जोन कार्यक्रममा समेटिएको छ । छनोट भएका कृषक समूह, सहकारी र फार्महरूसँग अनुदानका लागि सम्झौता गर्न थालिएको परियोजनाका प्रमुख गौतमले उल्लेख गरे ।

चार सय ५९ हेक्टर क्षेत्रफलमा आलुखेती हुँदै आएको मुस्ताङमा यस वर्ष सात हजार ३१ मेट्रिक्टन उत्पादन भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । मुस्ताङमा स्थानीय कुफ्रिज्योति जातको आलुखेती हुन्छ ।

मुस्ताङमा उत्पादन भएको आलु म्याग्दी, बागलुङ, पोखरा, काठमाडौं, चितवन, रूपन्देहीलगायत देशका विभिन्न सहरमा बिक्री हुने गर्दछ । चिसो हावापानीमा रासायनिक विषादी र मलको प्रयोगबिना प्राङ्गारिक विधीबाट उत्पादन भएको मुस्ताङको आलु स्वादिलो र पोषिलो मानिन्छ ।

# स्थानीय उत्पादनले बजार पाएपछि कृषक उत्साहित



**दमौली (तनहा)–** तनहुँको आँबुखैरेनी गाउँपालिका-५ छिम्केश्वरीमा उत्पादित मास (दलहन) ले बजार पाएपछि कृषक उत्साहित भएका छन् । जिल्लाकै सबैभन्दा अग्लो (दुई हजार एक सय ३४ मिटर) उचाइमा अवस्थित छिम्केश्वरीमा उत्पादित मासले स्थानीयस्तरमै बजार पाएपछि यहाँका कृषक उत्साहित भएका हुन् । छिम्केश्वरीस्थित बगई, खेउसिङमा उत्पादित मास आँबुखैरेनी गाउँपालिका-३ स्थित हाटबजारबाट सहज रूपमा बिक्री भइरहेको छ । यहाँ कृषकलाई मागअनुसार मास पुर्‍याउनै हम्मेहम्मे भइरहेको छ ।

खेउसिङका कृषक कमानसिंह गुरुङले विगत वर्षहरूमा बजार खोज्दै हिँड्नु परे पनि यसपटक यहाँ उत्पादित मासले बजार पाएपछि आफूहरू खुसी भएको बताए । उनले भने, 'विगतमा मास बिक्रीका लागि भौँतारिनुपर्थ्यो, अहिले त सहज रूपमा बिक्री गर्न पाउँदा सजिलो भयो ।' आँबुखैरेनी गाउँपालिकामा विगत एक वर्षदेखि सञ्चालनमा आएको हाटबजारले कृषि सामग्री बिक्री वितरण गर्न सजिलो भएको उनको भनाइ छ ।

बगईका कृषक सानुमाया भुजेलले मासले बजार पाउन थालेपछि यस खेतीतर्फ झनै आकर्षण बढ्ने बताए । 'बजार नपाउँदा कृषक खेतीतर्फ प्रोत्साहित हुँदैनन् तर जब उत्पादित सामग्रीले बजार पाउँछ त्यसले आकर्षण बढ्छ', उनले भने, 'गाउँपालिकाको पहलमा सहज रूपमा मास बिक्री गर्न पाउँदा सजिलो भएको छ ।' आँबुखैरेनीस्थित हाटबजारमा छ हजार ७५ किलोग्राम मास बिक्री भएको छ । पहिलो चरणमा चार हजार दुई सय र दोस्रो चरणमा एक हजार आठ सय ७५ किलो मास बिक्री भएको हो । त्यस क्रममा कृषकले रु १२ लाख १५ हजार आम्दानी गर्न सफल भएका छन् । पहिलो चरणमा रु आठ लाख ४० हजार र दोस्रो चरणमा रु तीन लाख ७५ हजारको मास बिक्री भएको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिए । उनका अनुसार प्रतिकिलो रु दुई सयमा मास बिक्री गरिएको छ । 'माग धेरै हुँदा सबैलाई पुर्‍याउन सकिएको छैन', केसीले भने ।

गाउँपालिकाले हाटबजारसम्म ढुवानीका लागि सवारीसाधनको व्यवस्थापन गरिदिएको थियो । यस्तै, मास उत्पादन गर्ने कृषकलाई प्रतिकिलो रु २५ अनुदान दिने व्यवस्था मिलाइएको केसीले बताए । गाउँपालिकाले विगत एक वर्षदेखि प्रत्येक शुक्रबार हाटबजार सञ्चालन गर्दै आएको छ । हाटबजारले स्थानीय कृषक र उपभोक्तालाई जोड्ने काम गरेको छ । हाटबजार स्थानीय कृषिउपज बिक्री वितरणका लागि प्रभावकारी थलोका रूपमा विकास भएको कृषकहरूले बताएका छन् । हाटबजारमा प्रत्येक शुक्रबार कृषकले कृषिउपज वस्तु बिक्री वितरणका ल्याउँछन् । हाटबजारमा मह, गोलभैँडा, सिस्नु, गिठ्ठा, अमला, बेथेको साग, फर्सीको मुन्टा, दही, मोही, सिब्लीगानलगायत दैनिक उपभोग्य वस्तु बिक्री वितरण गर्ने व्यवस्था मिलाइएको छ ।

गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले दश वर्षका लागि जग्गा भाडामा लिएर हाटबजार सञ्चालन गरिएको जानकारी दिए । उनले वार्षिक रु दुई लाख ५० हजार भाडा तिर्नेगरी गाउँपालिकाले जग्गा भाडामा लिएको बताए । गाउँपालिकाका जुनसुकै वडाका कृषकले पनि आफूले उत्पादन गरेका सामग्री यहाँ ल्याएर बेच्न सक्ने व्यवस्था गरिएको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ